मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

सरकार सही नीतिमा अघि बढेको छ, सत्तासाझेदार दलमा फाटो ल्याउन विपक्षीले गरेको प्रयास सफल हुँदैनः प्रधानमन्त्री

समाचार पृष्ठ ५ मा



वर्ष ३ • अंक २०६ • २०८२ साल जेष्ठ २६ गते सोमबार • Monday 09, June 2025 • सूर्योदय: बिहान ५:१० बजे • सूर्यास्त: साँझ ६:५९ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## अवण्डा बजेट निरुत्साहित पार्ने मधेश सरकारको नीति

***१२ वटा सिद्धान्तका आधारमा आगामी आर्थिक वर्षको बजेट ल्याइने छ । कृषि तथा पशुपन्छी विकास, शैक्षिक सुधार तथा खेलकुद विकास, स्वास्थ्य सेवा, मानव विकास तथा समाज कल्याण, भौतिक पूर्वाधार विकास, पर्यटन प्रवर्द्धन, औद्योगिक विकास तथा निजी क्षेत्र प्रवर्द्धन, वन तथा वातावरण संरक्षण, ऊर्जा, सिँचाइ, खानेपानी तथा सरसफाइ, शान्ति सुरक्षा र विपद् व्यवस्थापन, सार्वजनिक वित्त व्यवस्थापन र सार्वजनिक सेवा र सुशासन प्राथमिकतामा रहनेछ ।***



**बीरेन्द्र रमण**
**जनकपुरधाम ।**

मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०८२–८३ मा अवण्डा बजेट निरुत्साहित गर्ने तयारी गरेको छ । आइतबारको मधेश प्रदेशसभा बैठकमा अर्थमन्त्री सुनिल कुमार यादवले मधेश प्रदेश सरकारको आर्थिक वर्ष २०८२–८३ को विनियोजन विधेयक, २०८२ मा समावेश हुने बजेट तथा कार्यक्रमको सिद्धान्त र प्राथमिकता (कर प्रस्तावबाहेक) सभामा प्रस्तुत गर्दै मन्त्रालयगतरुपमा अवण्डा बजेट राख्ने अभ्यास निरुत्साहित गरिने बताएपछि कति सम्भावना होला भनेर चर्चा हुन थालेको छ ।

उनले आगामी बजेटमा आर्थिक अनुशासन, सरकारी खर्चमा मितव्ययिता, लेखाङ्कन र प्रतिवेदन प्रणाली सुधारमार्फत सार्वजनिक वित्त व्यवस्थापनमा विशेष ध्यान दिइने बताएका छन् । आर्थिक सामाजिक रुपान्तरण र सन्तुलित विकासमा निजी क्षेत्रको योगदान अभिवृद्धि गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिने नीति लिइनेसमेत उल्लेख गरिएको छ । निजी क्षेत्रको समग्र विकासका लागि नीतिगत तथा संस्थागत सुधार गरिने र लगानीमैत्री वातावरण सिर्जना गरी प्रादेशिक प्राथमिकताका उच्च प्रतिफल हासिल हुने आयोजनामा लगानी अभिवृद्धि गरिने नीति लिइने उल्लेख गरिएको छ ।

सार्वजनिक सेवा प्रवाहलाई प्रक्रियागत सरलीकरण गरिने उल्लेख गर्दै नागरिकको सहजताका लागि सूचना प्रविधिको प्रयोग विस्तार गरिने उल्लेख गरिएको छ भने भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवद्र्धनका लागि विशेष कार्यक्रम कार्यान्वयन गरिने उल्लेख छ । मन्त्री यादवले विभिन्न १२ वटा सिद्धान्तका आधारमा आगामी आर्थिक वर्षको बजेट ल्याइने बताउँदै कृषि तथा पशुपन्छी विकास, शैक्षिक सुधार तथा खेलकुद विकास, स्वास्थ्य सेवा, मानव विकास तथा समाज कल्याण, भौतिक पूर्वाधार विकास, पर्यटन प्रवद्र्धन, औद्योगिक विकास तथा निजी क्षेत्र प्रवद्र्धन, वन तथा वातावरण संरक्षण, ऊर्जा, सिँचाइ, खानेपानी तथा सरसफाइ, शान्ति सुरक्षा र विपद् व्यवस्थापन, सार्वजनिक वित्त व्यवस्थापन र सार्वजनिक सेवा र सुशासन प्राथमिकतामा रहने बताए ।

मधेशको कृषि उत्पादनले देशलाई नै खुवाउन पुग्ने गरी कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउन तथा खाद्य सुरक्षाको प्रत्याभूति दिन विशेष कार्यक्रम कार्यान्वयन गरिने उल्लेख गर्दै कृषि क्षेत्रलाई यान्त्रिकिकरण,आधुनिकीकरण, व्यवसायीकरण गरी खाद्यान्न बाली उत्पादनमा अग्रणी प्रदेशको रुपमा स्थापित गरिने उल्लेख छ । कुल प्रादेशिक आयमा कृषि क्षेत्रको हिस्सा बढाउने, कृषि उपजमा आत्मनिर्भर हासिल गर्न अन्न, फलफूल, माछालगायतका उत्पादनशील क्षेत्रमा उद्यमीलाई सरल कर्जा, बिउपुँजी उपलब्ध गराउने, प्रांगारिक मलखाद तथा बिउबिजन उपलब्ध गराउने कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिने नीति लिइने उल्लेख छ ।

अर्थमन्त्री यादवले यसका लागि नेपालको संविधान, सोह्रौँ आवधिक योजना र दोस्रो प्रादेशिक आवधिक योजनामा प्रस्ताव गरिएको नीति, सन् २०३० सम्म हासिल गर्नुपर्ने दिगो विकास लक्ष्य प्राप्त गर्ने सन्दर्भमा प्रदेशको तर्फबाट गर्नुपर्ने योगदान, राजनीतिक दलले गरेको प्रतिबद्धता र प्रदेश सरकारले ल्याएको आगामी आवको नीति तथा कार्यक्रमलाई मार्गदर्शनको रुपमा लिएको सदनमा बताए ।

उनले संघप्रतिको निर्भरतालाई अन्त्य गर्न कृषि, पर्यटन, कृषिमा आधारित उद्योगमा लगानी, कृषि आधुनिकीकरण गरी उत्पादन र उत्पादकत्व बढाउने, युवा उद्यमशीलता तथा नवप्रवर्तन एवम् रोजगारीका अवसर सिर्जना गर्ने कार्यक्रम कार्यान्वयन गरिने बताइएको छ । दिगो एव तिव्र गतिको विकासका लागि प्राकृतिक स्रोत साधनको अत्यधिक दोहन न्यूनीकरण गर्ने, नदी, ताल तलैया र प्राकृतिक सम्पदाको दिगो र सन्तुलित उपयोग गर्दै जलवायु परिवर्तनले पारेको नाकारात्मक असर न्यूनीकरण गर्न अनुकुलका कार्यक्रम सञ्चालन गरिने कार्यक्रम मन्त्रीले प्रस्तुत गरेका छन् ।

उनले सार्वजनिक निजी साझेदारी प्रवद्र्धन तथा लगानीमैत्री वातावरणका लागि निजी क्षेत्रलाई प्रोत्साहन गरिने बताए । लगानीमैत्री वातावरण सिर्जना गरी प्रादेशिक प्राथमिकताका उच्च प्रतिफल हासिल हुने आयोजनामा लगानी अभिवृद्धि गर्ने उनले बताए । त्यसैगरी राजश्व वृद्धिका लागि अध्ययन गरी सुझाव पेश गर्न राजश्व परामर्श समिति गठन गरिने, विनियोजन एवम् खर्च कुशलता अभिवद्धिका साथै वित्तीय अनुशासन कायम गरिने र बेरुजु फर्छ्यौटलाई प्राथमिकता दिनेसमेत नीति लिइने उल्लेख गरिएको छ ।

## बजेटमा तलमाथि गरिए अर्को वर्ष पाइन्नः मन्त्री

**मधेशदृष्टि**
**पर्सा ।**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजकुमार गुप्ताले सखुवाप्रसौनी गाउँपालिका–५ र पटेर्वासुगौली गाउँपालिका–१ मा सडक शिलान्याश गरेका छन् । मधेश प्रदेश सरकारको ९० लाख रुपैयाँको बजेटबाट सखुवा प्रसौनी गाउँपालिका र पटेर्वा सुगौली गाउँपालिकामा निर्माण हुने सडक ढलान शिलान्याशसँगै मन्त्री गुप्ताले पटेर्वासुगौली गाउँपालिकाको–४ मा निर्माण हुने खेलकुद मैदान पनि शिलान्याश गरे ।

मन्त्री गुप्ताले सरकारले तराई मधेशका आदिवासी, जनजाति, मधेशी र सिमान्तकृत समुदायको चौतर्फी विकासका लागि तराई मधेश समृद्धि कार्यक्रमअन्तर्गत विकासको लहर सिर्जना गरेको बताए । साथै कार्यक्रम मन्त्रालयमार्फत सञ्चालन भइरहेको जानकारी दिँदै उनले भूमिहीन र विपन्न वर्गका समुदायको जीवनस्तर उकास्न र तराई मधेशको समृद्धिका लागि सरकार लागिपरेको बताए । इमान्दारिताका साथ काम गरे अर्को वर्ष थप बजेट उपलब्ध गराउने बताउँदै उनले बजेट तलमाथि भए फेरि आशन नगर्न अनुरोध गरे । मन्त्री गुप्ताले तराई मधेश सम्मृद्धि कार्यक्रम मधेशका विभिन्न जिल्लामा सञ्चालन भइरहेको जानकारी दिँदै कार्यक्रममार्फत सडक, विद्यालय, स्वास्थ्यचौकी, पुल कल्भर्ट, सुकुम्बासी सामुहिक आवास, विभिन्न जातजातिको संस्कृति संरक्षणका लागि सामुदायिक भवनलगायतका संरचना निर्माण हुने बताए ।

तराई मधेशमा सीमापारिको छिमेकी भन्दा बढी वारी नेपालमा विकासको आफ्नो चाहना रहेको बताउँदै त्यसका लागि आफू निरन्तर लागिपरेको बताए । मन्त्रिपरिषद्मा मधेशका विभिन्न क्षेत्रलाई आद्योगिक क्षेत्रका रुपमा विकास गर्ने योजना चलिरहेकाले योजना सफल पार्न लागिपरेको बताए ।

नेकपा एमालेका केन्द्रीय सदस्यसमेत रहेका मन्त्री गुप्ताले सबैले आआफ्नो जिम्मेवारी बुझेर काम गर्ने हो भने समृद्धि आउन समय नलाग्ने बताउँदै सबैले जिम्मेवारी बोध गर्नुपर्नेमा जोड दिए । फरक प्रसंगमा मन्त्री गुप्ताले रातदिन काम चलिरहेको जानकारी दिँदै सबै तहमा कर्मचारी व्यवस्थापन भइसक्ने दाबी गरे ।

## सरकारको नयाँ करविरुद्ध सुनचाँदी व्यवसायी

**मधेशदृष्टि**
**वीरगंज ।**

सरकारले चालू आर्थिक वर्षदेखि सुनचाँदीका गरगहनामा नयाँ मूल्य अभिवृद्धि कर (भ्याट) लागू गरेपछि पर्सा जिल्लाका सुनचाँदी व्यवसायीले प्रदर्शन गरेका छन् । उनीहरूले नयाँ कर संरचनाले उपभोक्ता र व्यवसाय दुवैलाई असर पार्ने भन्दै वीरगंजको घण्टाघरमा प्रदर्शन गर्दै बिरोध जनाएका हुन् । उनीहरुले प्रदर्शनक्रममा सरकारविरुद्ध विभिन्न नारा लेखिएका प्लेकार्ड बोकेका थिए ।

पर्सा सुनचाँदी व्यवसायी संघ र पर्सा सुनचाँदी कालीगढ संघले संयुक्तरूपमा पर्साका सहायक प्रमुख जिल्ला अधिकारी सुमन कुमार कार्कीलाई ज्ञापन पत्र पनि बुझाएका छन् । १० लाख रुपैयाँभन्दा माथिका गहनामा लाग्ने विलासिता कर हटाएर सबै मूल्यका गहनामा २ प्रतिशत भ्याट लगाउन पत्रमार्फत उनीहरुले माग गरेका छन् । साथै हिरा र बहुमूल्य पत्थर जडित गहनामा १३ प्रतिशत भ्याट लागू गरिनु उपभोक्तामाथि अन्यायपूर्ण आर्थिक भार भएको उनीहरुको भनाइ छ ।

व्यवसायीहरूका अनुसार सुनचाँदीका गरगहना नेपालको परम्परा, संस्कृति, रीतिरिवाज तथा सामाजिक जीवनसँग गाँसिएको वस्तु भएकाले त्यसमा लगाइएको करको भारले सामान्य जनताको बचत र लगानीमै असर पार्नेछ । संघले भारतजस्तो छिमेकी देशको तुलनामा नेपालमा मूल्य अत्यधिक भएको भन्दै, यसले चोरी पैठारी, तस्करी र अवैध कारोबार बढाउने खतरा औँल्याएको छ । संघका अध्यक्ष भुलन प्रसाद सोनारका अनुसार अहिले सुनको मूल्य आकाशिएको अवस्थामा बजार मन्दीमा चलिरहेको छ । यस्तो अवस्थामा थप करले बजारमा झन् गिरावट ल्याउने उनले चिन्ता व्यक्त गरे ।

## निलम्बित र कार्यबाहक मेयर आमनेसामने, सेवा प्रवाहित

**मधेशदृष्टि**
**राजविराज ।**





राजविराज नगरपालिकामा निलम्बित मेयर र कार्यबाहक मेयरबीचको विवाद आमनेसामने भएको छ । निलम्बित मेयर भीमराज यादव र कार्यबाहक नगर प्रमुख इसरत परवीन दुवै जनता समाजवादी पार्टी नेपालबाट निर्वाचित भएका हुन् । तर आपसी तालमेल नमिल्दा उनीहरुबीचको विवाद उत्कर्षमा पुगेको छ ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत डा. श्रवण साह र योजना अधिकृत मनोज कुमार यादवलाई कारबाही र सरुवालगायतका ११ बुँदे माग अघि सार्दै नगरपालिकाका कर्मचारी विगत तीन दिनदेखी धर्नामा बसेका छन् । आइतबार पनि कर्मचारी धर्नामा बसेका बेला निलम्बित मेयर भीमराज यादवको नेतृत्वमा नाराबाजी गर्दै आएको समूहले सरुवाको बिरोधसहित ९ बुँदे माग राख्दै धर्ना र तालाबन्दी गरेपछि अवस्था आमनेसामने हुन पुगेको हो । कार्यबाहक मेयर परवीन कर्मचारीले उठाएको माग जायज भएको भन्दै उनीहरुका पक्षमा उभिएका छन् भने निलम्बित मेयर यादव प्रशासकीय अधिकृतलाई सरुवा गरेको विपक्षमा उभिएका छन् । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले प्रमुख प्रशासकीय अधिकृत डा. साहलाई रौतहटको एक स्थानीय तहमा सरुवा गरेको पत्र पठाइसकेको छ । मन्त्रालयले उनका ठाउँमा नगरपालिकाका शिक्षा शाखा प्रमुख भोगेन्द्र यादवलाई प्रमुख प्रशासकीयको रुपमा काम गर्न जिम्मेवारी दिएको छ ।

कार्यबाहक नगर प्रमुख परवीन विधिको शासन लागू गर्न मन्त्रालयले खटाएको कर्मचारीलाई हाजिर गराई जिम्मेवारी दिनु पर्ने पक्षमा अडिग भइ उभिएकी छिन् । तर निलम्बित मेयर यादव बिरोधमा उत्रिएका छन् । डा.साहलाई नै जिम्मेवारीमा राख्नु पर्ने अडानमा छन् । उनले सरुवाको बिरोधसँगै नगर क्षेत्रमा भएको सिसिटिभी क्यामेरा जडान प्रकरणमा छानबिन, नगरको ६८ बिघा क्षेत्रमा ब्लक र बिटौरी जग्गामा बसोबास गर्दै आएका ५ हजार भन्दा बढी लालपूर्जाबाट वञ्चित परिवारलाई लालपूर्जा प्रदान, हटिया बजारको व्यवस्थापन, नगरका जीर्ण सडक र नालाको मर्मत सम्भार, लामखुट्टेविरुद्ध औषधी छर्किने व्यवस्थालगायतका माग अघि सार्दै धर्ना शुरु गरेको बताएका छन् । उनले माग पूरा नभए आमरण अनशन बस्ने चेतावनी दिएका छन ।

यता नेपाल नगरपालिका कर्मचारी एसोसिएसन इकाइ समितिको अगुवाइमा ११ बुँदे माग राखी कर्मचारीले थालेको धर्ना तेश्रो दिन पनि जारी छ । उनीहरुले प्रमुख प्रशासकीय अधिकृत डा.श्रवण साह र योजना अधिकृत मनोज कुमार यादवलाई कारबाही र सरुवा गरिनु पर्ने माग उठाएका छन् । यस्तै १५ वर्षदेखि करार सेवामा कार्यरत इ. अशोक दासलाई कार्यपालिकाको निर्णय विपरीत प्रमुख प्रशासकीय अधिकृत डा. साहले एकलौटी ढंगले हटाउन गरेको निर्णय फिर्ता, आव २०८०–८१ मा वडा कार्यालयमा काम गरेका दैनिक ज्यालादारी कर्मचारीको १६ दिनको बाँकी तलब भुक्तानीलगायतका ११ बुँदे माग अघि सार्दै आन्दोलन भइरहेको छ ।

कार्यबाहक नगर प्रमुख परवीनले निलम्बित मेयर यादव नगरपालिकाको हरेक गतिविधिमा हस्तक्षेप गरी लाभ लिन खोजेको र आपूm ले अस्वीकार गर्दा अनावश्यक बखेडा झिकेर अराजकता मच्चाउन खोजेको आरोप लगाएकी छिन् । निलम्बित मेयर यादवले नगरपालिकामा आर्थिक अनियमितता गरेको दाबी गर्दै आफूले बिरोध मात्र गरेको बताए । आर्थिक वर्ष २०७४ मा राज रंगशालाको स्तरोन्नति कार्यको ठेक्का लिएका न्यू गहिल कन्स्ट्रक्सनका सञ्चालकसमेत रहेका भीमराज यादवसहित केही निर्माण कम्पनीविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा आरोप पत्र दायर गरेपछि उनी निलम्बित भएका थिए । आरोपपत्र उपर सुनुवाई गर्दै विशेष अदालतले यादवको विपक्षमा फैसला गरेपछि उनी सर्वोच्चमा पुगेका छन् । यता नगरपालिकाका निलम्बित मेयर बहालवाला कार्यबाहक मेयरबीच विवाद चर्किदै जाँदा नगरपालिकाको कामकाज प्रभावित हुन पुगेको छ । यसैबीच कार्यबाहक मेयर परवीनसहितको टोलीले आइतबार साँझ नै प्रमुख जिल्ला अधिकारी भोला दाहाललाई भेटेर कार्यालयमा कामकाज गर्ने वातावरण र मन्त्रालयले खटाएको कर्मचारीलाई काममा लगाउने कार्यमा सहयोगका लागि आग्रह गरेकी छिन् । उनीहरुले प्रशासनले सहयोग नगरे आफूहरु ताला फुटाएर पनि सेवाग्राहीलाई सेवा दिन अग्रसर हुने बताएका छन् ।

दाहालले नगरपालिका कार्यालयमा शान्ति, सुरक्षा तथा ताला खुलाउन आफूले विशेष पहल गर्ने र कुनै किसिमको बाधा अवरोध भए कानूनबमोजिम कारबाही गर्ने जनाएका छन् ।

## जनकपुरका पारलैंगिक पुरुषले नेपालमै गरे लिंग परिवर्तन

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

जनकपुरका २५ वर्षीया पारलैङ्गिक(ट्रान्सजेन्डर) व्यक्तिले पुरुषको लिङ्गको तन्तुलाई चाहिने मात्रामा उपयोग गरेर महिलाको जननेन्द्रीय अङ्ग पुनःनिर्माण गरेका छन् । त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, महाराजगंजमा नेपालमै पहिलोपटक सफलतापूर्वक लिङ्ग परिवर्तनसम्बन्धी शल्यक्रिया भएको हो ।

अस्पतालको प्लास्टिक सर्जरी विभागद्वारा जेठ १२ देखि १५ गतेसम्म पारलैङ्गिक समुदायका लागि आयोजित विभिन्न प्रकारका शल्यक्रियामा यो शल्यक्रिया भएको थियो । अनुहार तथा स्तनको पनि शल्यक्रिया भएको अस्पतालले जनाएको छ । अस्पतालका प्रवक्ता तथा सह प्राडा गोपाल सेढाईँले अब यो सेवा नेपालमै नियमित रूपमा उपलब्ध हुने भएकाले विदेश जानुपर्ने बाध्यता नरहेको बताए ।

'लिङ्ग परिवर्तन जस्तो संवेदनशील र जटिल शल्यक्रिया धेरै खर्चिलो हुने कारण नेपालमै यो सुविधा उपलब्ध भएपछि पारलैङ्गिक समुदायलाई धेरै राहत मिल्नेछ ।

यसले पारलैङ्गिक समुदायलाई आफ्नो लैङ्गिक पहिचानको पूर्ति गर्न एक महत्वपूर्ण उपाय हुनेछ,' उनले भने, 'शल्यक्रियामा विदेशी प्लास्टिक सर्जन डा एलिजा हामीडियन जाह्रोमीको नेतृत्व तथा विभागीय प्रमुख प्राडा जयनमान श्रेष्ठको संयोजनमा सम्पूर्ण प्लास्टिक सर्जरी तथा एनेस्थेसिया टिमले सफलता पाएको छ ।' डा जयनमान श्रेष्ठका अनुसार अबदेखि त्रिवि शिक्षण अस्पतालमा 'जेन्डर अफर्मिङ
यिक्लनिक'स्थापनासहित यस्ता सेवा नियमित रूपमा प्रदान गरिनेछ ।

# रासायनिक मलको अनुदानका लागि बजेट अपुग छः मन्त्री अधिकारी



**काठमाडौँ ।**

कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले रासायनिक मलको अनुदानका लागि बजेट अपुग भएको बताएका छन ।

राष्ट्रियसभा, विकास, आर्थिक मामिला तथा सुशासन समितिले आईतवार आयोजना गरेको रासायनिक मलको सहज व्यवस्थापन विषयको बैठकका क्रममा मन्त्री अधिकारीले बजेट नपुगेकै कारण मलको समस्या समाधान हुन नसकेको बताए । अनुदान बजेट अनुसारको मल भने समयमै ल्याएर डिपोसम्म पु¥याउने काम मन्त्रालयले गरिरहेको उनको भनाइ थियो ।

'यसअघि मन्त्रालयले सार्वजनिक गरेको पाँच वर्षे कृषि अनुदानमा पाँच खर्ब एक अर्ब बजेट रुपैयाँ मध्ये रासायनिक मलको अनुदानमा ८७ अर्ब रुपैयाँ खर्च भएको रहेछ, त्यसपछिको अनुदान पनि कुनकुन विषयमा कसकसले कतिकति लगे तथ्याङ्क सङ्कलनको काम भइरहेको छ, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना र यसअन्तर्गत वितरण भएको अनुदानको विवरण सार्वजनिक हुन्छ,' मन्त्री अधिकारीले भने ।

परियोजनाले पैसा नभई उपकरण खरिद गरेर अनुदान दिने गरेको मन्त्री अधिकारीले बैठकमा जानकारी गराए । नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) मा दुई वर्षदेखि कार्यकारी निर्देशक पद रिक्त रहेकामा हालै नियुक्त गरी पठाएको उनले बताए । विषादी नियन्त्रणका लागि मन्त्रालयले सरोकार भएका निकायसँग छलफल गरी अघि बढेको उनले बैठकमा जानकारी गराए ।

समितिका सभापति कमला पन्तले रासायनिक मलका बारेमा बेला बेलामा गुनासो आउने गरेकाले मन्त्रीसहित मन्त्रालयका अधिकारी बोलाएर छलफल गरिएको जानकारी गराए । प्रदेश र स्थानीय सरकारलाई पनि रासायनिक मलसँग सम्बन्धित विषयमा समस्या नआउने गरी काम गर्न निर्देशन दिएको उनले बताए ।

बैठकमा सांसदहरु कृष्णप्रसाद पौडेल, अञ्जान शाक्य, उर्मिला अर्याल, घनश्याम रिजाल, जीतजङ्ग बस्नेत, झक्कुप्रसाद सुवेदी, वामदेव गौतम, नारायणदत्त भट्ट, पूजा चौधरी, सावित्री मल्ललगायतले रासायनिक मल अभावमा देखिएको समस्या समाधान गर्नुपर्ने, उत्पादित कृषि सामग्रीको सहज बजार व्यवस्थापन हुनुपर्ने, प्रजातान्त्रिक समाजवाद कार्यान्वयन गराउनुपर्नेलगायत विषयमा मन्त्री अधिकारीको ध्यानाकर्षण गराएका थिए ।

मन्त्रालयका सचिव डा गोविन्दप्रसाद शर्माले रासायनिक मल आयातमा खरिद कानुनका कारण ढिलाइ हुने गरेकाले त्यसको संशोधन प्रक्रिया अघि बढेको उल्लेख गर्दै कार्यविधि संशोधन अन्तिम चरणमा पुगेको जानकारी गराए । सङ्घीय सरकारबाट रासायनिक मल आयातमा समस्या नभई डिपोसम्म सहजरुपमा पुगेको र डिपोबाट वितरणको जिम्मा प्रदेश एवं स्थानीय सरकारबाट हुने गरेको उनले जानकारी दिए ।

मन्त्रालयका सहसचिव रामकृष्ण श्रेष्ठले रासायनिक मल आयातका लागि अनुदान बजेट अभाव भएको बताए । रासायनिक मल पाउने किसान को हो भन्ने सुनिश्चित गर्न वडालाई जिम्मा दिनुपर्ने उनको भनाइ थियो ।रासस

# प्रधानमन्त्रीबाट निर्माणाधीन त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानको निरीक्षण



**काठमाडौँ ।**

प्रधानमन्त्री केपी शर्मा ओलीले कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानमा निर्माणाधीन प्यारापिट र फ्लडलाइट जडान कार्यको आईतवार स्थलगत निरीक्षण गरेका छन ।

प्रधानमन्त्री ओलीले कार्यभार सम्हालेपछि गत असार ३१ गते पहिलो निर्णयका रूपमा ३०० दिनभित्र उक्त क्रिकेट मैदानमा प्यारापिट र फ्लडलाइट जडान गर्ने घोषणा गरे । उनलाई उपप्रधानमन्त्री तथा सहरी विकासमन्त्री प्रकाशमान सिंह, सहरी विकास मन्त्रालयका सचिव गोपालप्रसाद सिग्देल, उक्त निर्माण कार्यको कार्यान्वयन निकाय सङ्घीय सचिवालय तथा व्यवस्थापन कार्यालयका प्रमुख चक्रवर्ती कंठसहित निर्माण व्यवसायीले हालसम्मको कार्यप्रगतिबारे जानकारी गराएका थिए ।

प्रधानमन्त्री ओलीले गत वैशाख २२ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा डाकेर सम्बन्धित अधिकारी र व्यवसायीसँग कार्यप्रगतिबारे छलफल गरी आगामी दुई महिनाभित्र काम सक्न निर्देशन दिनुभएको थियो । प्यारापिट र फ्लडलाइट जडान कार्यका लागि फरकफरक ठेकेदार कम्पनीसँग क्रमशः गत पुस १९ र २२ गते सम्झौता भएको थियो । रासस


## वैष्णवी बचत तथा ऋण सहकारी संस्था लि.

जनकपुरधाम, धनुषा, मधेशप्रदेश

**ऋण तिर्न/बुझाउनआउने ३५ दिने अत्यन्त जरुरीसूचना ।**

उपरोक्त सम्वन्धमा यस संस्थाबाट विभिन्न समयमा यस संस्थाका सदस्यभई विभिन्नप्रयोजनकालागि संस्थाबाट ऋण लिई तोकिएको भाखाभित्रनतिरेको र पटक-पटक संस्थाबाट मौखिक, लिखितपत्राचार एवं तर-ताकेतागर्दा पनि ऋण तिर्न नआएको र हाल सम्पर्क विहिनभएर बसेका देहायबमोजिमका ऋणी सदस्यहरुलाई तुरुन्तकार्यालयमा सम्पर्क गरी ऋण तिर्न बुझाउन यो ३५ दिने सूचना जारी गरिएको छ । सो सूचनालाई अवज्ञा, अटेरी, हेलचक्राई गरी रकमभुक्तानीमाकुनै चासो नदेखाई बस्नु भएकोमा यो ३५ दिने सूचनाप्राप्तहुना साथ संस्थामाआई आफ्नो हर-हिसाबबुझी ऋण तिर्नु बुझाउनु होला । अन्यथा सहकारी ऐन २०७४, नियमावली २०७५, मधेश प्रदेश सहकारी ऐन २०८० र नियमावली २०८१ तथा संस्थाको ऋण नीति र कार्यविधि अनुरुपको कानूनवमोजिम कारवाहीप्रकृया अगाडी बढाई ऋण असुली गर्ने व्यहोरा यसै सूचनामार्फत सूचित गरिन्छ ।

| | |
|---|---|
| १.नामः- संजिता कुमारी<br>बुवा/पति :- शम्भु साह<br>बाजे / ससुरा :- महिन्द्र साह<br>ठेगाना :- जि.ध.जनकपुर १६,कपिलेश्वर<br>ऋण रकम :- ८०६०५ /-<br>ऋण लिएको मिति :- २०७६ / ०८ / ०३<br>भाखा नाघेको मिति :-२०८० / ११/ ३०  | २. नामः- बबिता कुमारी यादब<br>बुवा/पति :-शल्टु यादब<br>बाजे / ससुरा :- सुखारी यादब<br>ठेगाना :-जि.ध.जनकपुर १६,कपिलेश्वर<br>ऋण रकम :- ६००००० /-<br>ऋण लिएको मिति :- २०७६ / १० / १९<br>भाखा नाघेको मिति :- २०८१ / १० / १८  |
| ३. नामः- राजगिर मंडल<br>बुवा/पति :- राम सरण मंडल<br>बाजे / ससुरा :- मूलर मंडल<br>ठेगाना :- जि.ध.हंसपुर कठपूल्ला - ८<br>ऋण रकम :- १४१०००० /-<br>ऋण लिएको मिति :- २०७४ / ०५/ ०६<br>भाखा नाघेको मिति :- २०७५ / ११ / ०६  | ४. नामः- प्रदिप कुमार महरान<br>बुवा/पति :- राजेश्वर महारान<br>बाजे / ससुरा :- फुरी महरानठेगाना :-<br>जि.ध.विदेह.न.पा -०१ ठाढि<br>ऋण रकम :-१००००० /-<br>ऋण लिएको मिति :- २०७७/ ०५/ २६<br>भाखा नाघेको मिति :- २०७८ / ०५ / २५  |
| ५.नामः- तुल्फी देवी<br>बुवा/पति :- विमलकुमार मंडल<br>बाजे / ससुरा :- जगदिश मंडल<br>ठेगाना :- जि.ध.धनौजिगा.पा.-५ बहुअर्वा<br>ऋण रकम :- १५००००० /-<br>ऋण लिएको मिति :- २०७७/ ०९/ २९<br>भाखा नाघेको मिति :- २०८० / ०१ / ३०  | ६. नामः- सुरेश पासमान<br>बुवा/पति :- मिसर पासमान<br>बाजे / ससुरा :- बलदेव पामान<br>ठेगाना :- जि.ध.नगराईन.न.पा-८,अकौरा<br>ऋण रकम :- ३००००० /-<br>ऋण लिएको मिति :- २०७८ / ११/ ०५<br>भाखा नाघेको मिति :- २०८१ / ११ / ०४  |
| ७. नामः- श्रीमति शैला देवी<br>बुवा/पति :- छेदी दास तत्मा<br>बाजे / ससुरा :- झपसी दास तत्मा<br>ठेगाना :- जि.ध.नगराईन.न.पा-८,अकौरा<br>ऋण रकम :- ३००००० /-<br>ऋण लिएको मिति :- २०७८ / ११/ ०५<br>भाका नाघेको मिति :- २०८० / ११/०४  | ८.नामः- मो.सनाउल्लाह राईन<br>बुवा/पति :- सुभानकवारी<br>बाजे / ससुरा :- ठक्का कवारी<br>ठेगाना :- जनकपुर -८<br>ऋण रकम :- २०७७७०/-<br>ऋण लिएको मिति :- २०७८ / १/ १३<br>भाका नाघेको मिति :- २०७९ / १ / १२  |
| ९. नामः- रुमा देवी पासमान<br>बुवा/पति :- राजकिशोर पासमान<br>बाजे / ससुरा :- राम प्रसाद पासमान<br>ठेगाना :- जि.ध.नगराईन.न.पा -८,अकौरा<br>ऋण रकम :- ५००००० /-<br>ऋण लिएको मिति :- २०७८ / ०८/ २७<br>भाखा नाघेको मिति :- २०८० / ०१ / ३०  | १०.नामः- प्रमानन्द पजियार<br>बुवा/पति :- रामनारायण साह<br>बाजे / ससुरा :- गुदरी पजियार<br>ठेगाना :- जि.ध.बल्हाकठाल ( हालजनकपुर -०२गिरिजा हल निर )<br>ऋण रकम :- ८५०००० /-<br>ऋण लिएको मिति :- २०७६ / ०४/ १५<br>भाखा नाघेको मिति :- २०७७ ०४ / १४  |
| ११. नामः- राम शंकर गामी<br>बुवा/पति :-देव रत्नगामी<br>बाजे / ससुरा :- जुगेश्वर गामी<br>ठेगाना :- जि.ध.सबैला न.पा -३<br>ऋण रकम :- १०००००० /-<br>ऋण लिएको मिति :- २०७८/ ०६ / २२<br>भाखा नाघेको मिति :- २०७९ / ०६ / २१  | १२. नामः- सिता देवी महरा<br>बुवा/पति :- रामजतन महरा<br>बाजे / ससुरा :- रिझन महरा चमार<br>ठेगाना :- जि.ध.धनौजि.गा.पा -५,बहुअर्वा<br>ऋण रकम :- ९००००० /-<br>ऋण लिएको मिति :- २०७८ / ०७/ १६<br>भाखा नाघेको मिति :- २०८० / ०२ / ३०  |
| १३. नामः- राजेन्द्र मंडल केवट<br>बुवा/पति :- रामदत मंडल खत्बे<br>बाजे / ससुरा :- अघना मंडल खत्बे<br>ठेगाना :- जि.ध.सहिद न.पा.६,हरबाडा<br>ऋण रकम :- ४५०००० /-<br>ऋण लिएको मिति :- २०७६ / १० / १७<br>भाखा नाघेको मिति :- २०७८ / १० / १६  | १४. नामः- रामप्रकाश महतो कोईरी<br>बुवा/पति :- रुपलालमहतो<br>बाजे / ससुरा :- झगरु महतो कोईरी<br>ठेगाना :- जि.ध.मिथिलाबिहारी न.पा -७ हरिहरपुर<br>ऋण रकम :- ९९०००० /-<br>ऋण लिएको मिति :- २०७९ / ०५ / २३<br>भाखा नाघेको मिति :- २०८० / ०५ / २२  |
| २०.नाम :-बिल्टु पासमान<br>बुवा/पति :- सौदागर पासमान<br>बाजे / ससुरा :- छेदीपासमान<br>ठेगाना :- जि.ध.नगराईन.न.पा- ०८,अकौरा<br>ऋण रकम :- ७६९२१७/-<br>ऋण लिएको मिति :- २०७९/ ०६ / ०९<br>भाखा नाघेको मिति :- २०८१ / ०६ / ०५  | १६.नाम : इन्द्रमाला देवी मंडल<br>बुवा/पति :- बृजनन्दन मंडल<br>बाजे / ससुरा :- कारी मडल<br>ठेगाना :- जि.ध.नगराईन.न.पा- ०६,दग्मा<br>ऋण रकम :- २२६२०००/-<br>ऋण लिएको मिति :- २०७९/ ०७/ २२<br>भाखा नाघेको मिति :- २०८० / ०५ / २२  |
| १७.नाम :- कारो देवी<br>बुवा/पति :- रामलखन दास तत्मा<br>बाजे / ससुरा :- आनन्द दास तत्मा<br>ठेगाना :-जि.ध.जनकपुर.-१६ ,<br>ऋण रकम :- १००००००/-<br>ऋण लिएको मिति :- २०७८/ ०५ / २४<br>भाखा नाघेको मिति :- २०८१ / ०५/ २३  | १८नाम :- महेश रजक<br>बुवा/पति :- विक्रम रजक<br>बाजे / ससुरा :- कथु रजक<br>ठेगाना :- जि.ध.मिथिलाबिहारी.न.पा- ०५,ललिया<br>ऋण रकम :- २५००००/-<br>ऋण लिएको मिति :- २०७९/ ०३ / २९<br>भाखा नाघेको मिति :- २०८०/ ०३/ २८  |
| १९. नाम :-मोलिहा देवी दास<br>बुवा/पति :- चन्देश्वर दास<br>बाजे / ससुरा :- झगरु दास<br>ठेगाना :- जि.ध.नगराईन.न.पा- ०८,अकौरा<br>ऋण रकम :- ४०८५००/-<br>ऋण लिएको मिति :- २०७९/ ०६ / ०२<br>भाखा नाघेको मिति :- २०८१ / ०६ / ०१  | |


# नेपाली सेनाद्वारा पुरानोकोट गढी पुनः निर्माण

**लमजुङ ।**

नेपाली सेनाले पुरानोकोट गढी पुनःनिर्माण गरेको छ । बेँसीसहर नगरपालिका–१ मा रहेको नेपाली सेनाको चण्डीप्रसाद गणले समुद्री सतहदेखि एक हजार ४४५ मिटर उचाइमा रहेको बेँसीसहर–४ स्थित उक्त गढीको पुनःनिर्माण गरेको हो ।

पश्चिम हेडक्वाटरका पृतनापति उपरथी मधुकरसिंह कार्कीले आईतवार एक कार्यक्रमबीच पुनःनिर्माण गरिएको पुरानोकोट गढी बेँसीसहर नगरपालिकालाई हस्तान्तरण गरे । उनले नेपाली सेनाले यस्ता पुरातात्विक महत्वका गढीलगायत स्थलको पुनःनिर्माण तथा संरक्षण गर्दै आएको बताए ।

त्यस्तै, बेँसीसहर नगरपालिकाका प्रमुख गुमानसिंह अर्यालले यस्ता पुरातात्विक महत्वको स्थलको संरक्षण गर्नुपर्नेमा जोड दिए । यस्ता स्थल पर्यटकीय गन्तव्य र इतिहासको साक्षी बन्ने उनले बताए ।

चण्डीप्रसाद गणका गणपति प्रमुख सेनानी चित्रकुमार कार्कीले चालु आर्थिक वर्ष २०८१÷८२ को स्वीकृत जनहहित कार्मक्रमअन्तर्गत ऐतिहासिक महत्वको पुरानोकोट गढीको मर्मतसम्भार गरेको र गढीको सरसफाइ गरी नयाँ सामग्रीको प्रयोग गरेर पहिलाकै आवरणको संरचना निर्माण गरेको बताए । पुरातत्व विभागबाट प्राप्त स्टिमेटका आधारमा नेपाली सेनाले जीर्ण गढीको मर्मत गरेको उनको भनाइ छ ।

'ऐतिहासिक, धार्मिक तथा पुरातात्विक महत्वका दरबार, गढी, किल्ला, पदमार्गहरुको संरक्षण तथा संवद्र्धन गर्ने उद्देश्यसहित नेपाली सेनाले जिम्मेवारी क्षेत्रमा रहेका गढी किल्लाहरुको मर्मतसम्भार गर्ने कार्यक्रम तय गरेअनुसार गणको जनशक्तिबाट पुरानोकोट गढीको मर्मत कार्य गत माघ २८ गतेदेखि थालनी गर्दै केही समयअघि सम्पन्न भएको हो', प्रमुख सेनानी कार्कीले भने । करिब सात लाख रुपैयाँ बजेटमा सो स्थलको पुनःनिर्माण गरिएको हो ।

पुरानोकोट गढी तत्कालीन लमजुङका राजा यशोबह्म शाहले १६औँ शताब्दीमा बनाएका हुन् । सामरिक महत्वको यो गढी तत्कालीन लमजुङ राज्य गाउँशहरको पश्चिमतर्फको प्रमुख सुरक्षा स्थल मानिन्छ । शाहवंशीय राज्यकालको उद्गम थलो लमजुङ हो भने त्यसैको विरासत र साक्षी हो पुरानोकोट गढी ।

कास्कीकोटका राजा कुलमण्डलका माइला छोरा कालु शाहलाई १५४० सालमा लमजुङका खजेदुरा, सुकराम क्याउसा, माघे दुरा, कुश्माखर घिमिरे र लक्ष्मण दुराले लमजुङको पहिलो चौबिसे राज्यका राजा बनाएका थिए । त्यसको केही समयमै लमजुङमा शासनको बागडोर सम्हालेका तत्कालीन घले राजाका सेनाले कालु शाहको हत्या गरिदिएको इतिहासमा उल्लेख छ ।

सो घटनापछि उनीहरुले नै कुलमण्डलका कान्छा छोरा यशोबह्म शाहलाई पुनः कास्कीकोटबाट ल्याएर राजकाज अघि बढाएका थिए । यशोबह्मलाई १५५० असार १५ गते राजगद्दीमा बसाइएको शिलालेखमा उल्लेख छ । लमजुङको अन्तिम राजा वीर शाह थिए । विसं १८३९ कात्तिक १९ गतेसम्म शाह वंशले लमजुङ दरबारमा राजा भएर राजगद्दी सम्हालेको इतिहास छ । यशोबह्म शाहको पालामा निर्माण भएको पुरानोकोट गढी उनका छोराहरुको पालासम्म पनि प्रयोग भएको थियो । तर पछि शाह राजा हटेपछि भने सो गढी भग्नावशेष हुँदै गएको थियो ।

शाह राजाहरु बसेको लमजुङ दरबार जीर्ण भएपछि पुरातत्व विभागले तीन वर्षदेखि पुनःनिर्माण थालनी गरे पनि बजेट अभावमा सम्पन्न हुन सकेको छैन । शाहवंशीय राजाको उद्गमस्थल लमजुङ बेँसीसहर नगरपालिका–३ गाउँशहरमा रहेको निर्माणाधीन लमजुङ दरबारले गति लिन सकेको छैन । बजेट अभावमा लामो समयदेखि निर्माण कार्य अलपत्र छ । लमजुङ दरबार दुई वर्षभित्र सक्ने भन्दै आर्थिक वर्ष २०७९/८० देखि सुरु भए पनि अझै अपूरो रहेको छ । रासस

# प्रतिनिधिसभा बैठक सोमबारसम्मका लागि स्थगित

**काठमाडौँ ।**

प्रमुख प्रतिपक्षीलगायत विपक्षी दलहरुको विरोधका कारण सङ्घीय संसद् प्रतिनिधिसभाको बैठक नियमित कार्यसूचीमा प्रवेश नै नगरी स्थगित भएको छ ।

भिजिट भिसा प्रकरणमा गृहमन्त्री रमेश लेखकको राजीनामा र उच्चस्तरीय छानबिन समिति गठन माग गर्ने प्रतिपक्षी दलहरुको अडान कायमै रहेपछि आईतवार पनि प्रतिनिधिसभाको बैठक तोकिएको समयमा बस्न सकेन । आज दिउँसो १ बजेका लागि बस्ने तय भएको बैठक आजै ३:१५ बजे बस्ने सङ्घीय संसद् सचिवालयले सूचना टाँसेर बैठक सरेको जनाएको थियो । दोस्रोपटक तोकिएको समयमा पनि बैठक बस्न नसकेपछि सचिवालयले पुनः अर्को सूचना प्रकाशित गरी साँझ ५:३० मा बस्ने उल्लेख गरेको थियो ।

सो सूचना प्रकाशित भएको एक घण्टापछि अर्थात् ६:३० बजे सुरु भएको बैठकमा पनि विपक्षी दलका सांसदहरुले उठेर विरोध जनाउनुभयो । सभामुख देवराज घिमिरेले पटक पटक सहज रुपमा सभा सञ्चालन गर्न आग्रह गर्नुभए पनि विपक्षी दलहरुले अस्वीकार गर्दै विरोध जनाए । त्यसपछि सभामुख घिमिरेले आजको कार्यसूचीमा रहेका सबै कार्यक्रम हटाई बैठक स्थगित भएको सदनलाई जानकारी गराए ।

प्रतिनिधिसभाको अर्को बैठक सोमबार दिउँसो २:०० बजे बस्नेछ । प्रतिनिधिसभाको आजको बैठकमा उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले वक्तव्यसहित 'आव २०८२/८३ को राजस्व र व्ययको वार्षिक अनुमानमाथि सामान्य छलफल प्रारम्भ गरियोस्' भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने कार्यसूची रहेको थियो । त्यस्तै, राज्य व्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडाले सङ्घीय निजामती सेवा विधेयकसम्बन्धी समितिको प्रतिवेदन, २०८२ पेस गर्नुहुने कार्यसूची तय भएको थियो ।भिजिट भिसा प्रकरणमा गृहमन्त्री लेखकको राजीनामा र उच्चस्तरीय छानबिन समितिको माग गर्दै प्रतिपक्षी दलहरु नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), नेकपा (एकीकृत समाजवादी)लगायतले प्रतिनिधिसभा बैठक चल्न दिएका छैनन् । यही जेठ १५ गते सदनमा प्रस्तुत भएको आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटमाथि छलफलपछि प्रतिपक्षी दलको विरोध कारण चल्न सकेको छैन । रासस

# आयल निगमका गण्डकी प्रदेश प्रमुखलगायतलाई भ्रष्टाचार मुद्दा




**काठमाडौँ ।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नेपाल आयल निगम गण्डकी प्रादेशिक कार्यालय, कास्की प्रमुख चित्तरञ्जन दासलगायत विरुद्ध भ्रष्टाचार अभियोगमा मुद्दा दायर गरेको छ ।

मिलेमतोमा बिलमा उल्लेख भएको परिणामभन्दा बढी पेट्रोलियम पदार्थ डिजेल पठाएको उजुरी निवेदनमा अनुसन्धानपछि विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरिएको आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलद्वारा आईतवार जारी विज्ञप्तिमा उल्लेख छ ।

पेट्रोलियम पदार्थको डिप र सिल गर्ने जिम्मेवारीमा रहेका डिलर्स एसोसिएसनका प्रतिनिधि जगन्नाथ ढुङ्गाना र लक्ष्मण रानाभाटसँगको मिलेमतोमा बदनियत राखी सिसी क्यामेरासमेत बन्द गरेर बढी पेट्रोलियम पदार्थ पठाएको पाइएको अख्तियारले जनाएको छ ।

कुल १२ हजार लिटर डिजल पठाउनुपर्नेमा १५ हजार ३८ लिटर पठाइएको र उक्त डिजेल बोकेको ट्याङ्कर पोखरा महानगरपालिका २७ मा नियन्त्रणमा लिइएको थियो । बिलमा उल्लेख भएभन्दा बढी तीन हजार ३८ लिटर डिजलको प्रतिलिटर मूल्य १४७ अनुसार चार लाख ४८ हजार ५२५ रुपैयाँ हिनामिना भएको आयोगको दाबी छ ।

आयोगले प्रमुख दास, पश्चिमाञ्चल टे«डर्सका सञ्चालक बाबुराम जमरकट्टेल, गण्डकी धौलागिरि पेट्रोलियम एसोसिएसनका तत्कालीन प्रतिनिधि ढुङ्गाना र रानाभाट, ट्याङ्कर चालक निर्मला थापाविरुद्ध जनही रु चार लाख ४८ हजार ५२५ बराबरको बिगो दाबी गरिएको छ ।रासस

# उद्योग र पर्यटनमार्फत मधेशमा आमूल आर्थिक रूपान्तरणको तयारीः मन्त्री कुशवाहा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री बसन्त कुशवाहाले प्रदेशमा औद्योगिकीकरण र पर्यटन विकासलाई प्राथमिकतामा राख्दै आमूल आर्थिक रूपान्तरणको खाका तयार गरिएको बताएका छन् । उनले अबको मधेश आत्मनिर्भर, उद्यमशील र रोजगारी उत्पादन गर्ने केन्द्रको रूपमा अगाडि बढ्ने दाबी गरेका छन् । 'अब मधेशबाट रोजगारी सिर्जना, उद्यमशीलता र आर्थिक गतिशीलताको नयाँ युग सुरु हुँदैछ,' मन्त्री कुशवाहाले भने । मधेश सरकारले हालै सार्वजनिक गरेको 'एक लाख रोजगारी सिर्जना गर्ने' नीति कार्यक्रमलाई ऐतिहासिक भन्दै मन्त्री कुशवाहाले यसमार्फत प्रदेशको स्वरूप नै परिवर्तन गर्ने योजना रहेको बताए । औद्योगिक ग्राम स्थापना, स्थानीय स्रोतको उपयोग र सहकारी–निजी क्षेत्रसँग सहकार्य गर्दै स्थायी औद्योगिक पूर्वाधार निर्माण गरिने जानकारी उनले दिए । मधेशको धार्मिक, सांस्कृतिक र जैविक विविधतालाई उपयोग गर्दै पर्यटन व्यवसायिक बनाउने तयारी सरकारले गरिरहेको छ । मन्त्री कुशवाहाका अनुसार जनकपुरधाम, गढीमाई, थारु बस्ती, सप्तकोशीलगायतका गन्तव्यहरूमा पूर्वाधार निर्माण, होमस्टे प्रवर्द्धन र स्थानीय गाइड तालिम कार्यक्रम अगाडि बढाइनेछ । भारतको अयोध्यासँग धार्मिक सम्बन्ध जोड्दै भारतीय पर्यटकलाई लक्षित गर्दै प्रचारप्रसार गर्ने तयारीसमेत मन्त्रालयले गरिरहेको छ । 'भारतमा दैनिक करोडौँ पर्यटक अयोध्या जान्छन्, तीमध्ये १ प्रतिशत पनि मधेश आउन सके ठूलो आर्थिक योगदान मिल्छ,' कुशवाहाले भने । मन्त्री कुशवाहाले अब भाषणको समय सकिएको भन्दै जनताले अनुभूति गर्ने खालका ठोस कार्य अगाडि बढाइने बताए । 'अब काम देखिनेछ, रोजगारी सिर्जना, स्थानीय उत्पादनको बजार सुनिश्चितता र आर्थिक गतिशीलता हाम्रो प्रमुख लक्ष्य हो,' उनले भने । मधेश प्रदेशमा उद्योग र पर्यटनको सम्भावना व्यापक रहेको बताउँदै मन्त्री कुशवाहाले यो दशकलाई आर्थिक रूपान्तरणको युग बनाउने संकल्प व्यक्त गरे ।



# बहुदरमाइमा लागुऔषधविरुद्ध जनचेतनामूलक तालिम सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्लाको बहुदरमाइ नगरपालिकामा लागुऔषध दुव्र्यसनविरुद्ध जनचेतना अभिवृद्धि गर्न विशेष तालिम सम्पन्न गरिएको छ । बहुदरमाइ नगरपालिका र जिल्ला प्रशासन कार्यालय, पर्साको सहकार्यमा आयोजित 'नागरिक सुनुवाइ तथा जनचेतनामूलक तालिम' कार्यक्रममा प्रहरी, सशस्त्र प्रहरी, जनप्रतिनिधि र स्थानीय नागरिकहरूको सक्रिय सहभागिता देखिएको थियो । नगरपालिकाको सभाहलमा आयोजित कार्यक्रममा नगर प्रमुख सिंगासन साह तेलीको अध्यक्षता रहेको थियो । कार्यक्रममा बोल्दै नगरपालिकाका राजनीतिक सल्लाहकार बिपीन यादवले किशोर–किशोरीमात्र नभई साना बालबालिका समेत लागुऔषधको जालोमा फसिरहेको तथ्यांकप्रति चिन्ता व्यक्त गर्दै सामूहिक सर्तकता र पहल आवश्यक भएको बताए । 'अब पनि हामी सचेत भएनौं भने समाजको भोलि अन्धकारमय हुन्छ,' उनले भने । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी सुदर्शन अर्यालले नागरिकताको नाममा भइरहेको सेवाप्रवाहमा ढिलाइ र जनगुनासोलाई सम्बोधन गर्दै आफैं सिधा सम्पर्क गर्न आग्रह गरे । 'जिल्ला प्रशासनको काममा समस्या भए मलाई सिधै फोन गर्नुहोस्, समाधान मेरो जिम्मा,' अर्यालले भने । पर्साका प्रहरी प्रमुख एसपी गौतम मिश्रले लागुऔषध दुव्र्यसनी र कारोबारीमाथि कडा निगरानी र कारबाही हुने बताए । 'यदि तपाईंसँग सूचना छ भने ढुक्क दिनुहोस्, कारबाहीको जिम्मा मेरो हो,' मिश्रले भने । कार्यक्रममा उपप्रमुख सुष्मा कुशवाहा, प्रमुख प्रशासकीय अधिकृत अजय श्रीवास्तव, विभिन्न वडाध्यक्षहरू, स्थानीय अगुवा, शिक्षक, महिला प्रतिनिधि लगायतको उपस्थिति रहेको थियो । सहभागीहरूले लागुऔषध नियन्त्रणका लागि प्रहरी प्रशासन, स्थानीय तह र समुदायबीच बलियो समन्वयको खाँचो रहेको धारणा व्यक्त गरे । उनीहरूले विद्यालय, टोल–टोलमा सचेतना कार्यक्रम विस्तार गर्नुपर्नेमा पनि जोड दिएका थिए ।



# अवधेश झाको अध्यक्षतामा प्रेस जनमत संघको नेतृत्व चयन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनमत पार्टीका शुभेच्छुक पत्रकारहरूको संगठन प्रेस जनमत संघले २१ सदस्यीय केन्द्रीय तदर्थ समिति गठन गरेको छ । आइतबार पार्टी केन्द्रीय सचिवालयको निर्णयअनुसार गठित समितिको अध्यक्षमा सप्तरीका अवधेशकुमार झा चयन भएका छन् भने सह–अध्यक्षमा सप्तरीकै रामनारायण विश्वास र सदस्य सचिवमा महोत्तरीका ललन मण्डल नियुक्त भएका छन् । नवगठित समितिको अन्य सदस्यहरूमा जितेन्द्र खड्गा, मनोज मोरबैता, सुमित मिश्र, अनिल पाण्डे, केशव लुइँटेल, शम्भु पण्डित, शेख मोजिबुल्लाह, मुना ठाकुर, संजय यादव, श्यामल कुमार गिरी, बिजेन्द्रकुमार चौधरी, विरेन्द्रकुमार साह, चन्दन रजक, चन्दन रौनियार, भोगेन्द्र साह, विमला कुमारी र रिना कुमारी केसी छन् । प्रेस जनमत संघले स्वतन्त्र, उत्तरदायी र लोकतान्त्रिक सञ्चार प्रणालीको प्रवद्र्धन गर्दै जनमत पार्टीसँग सशक्त सहकार्य गर्ने लक्ष्य लिएको जनाएको छ । संघका प्रादेशिक तथा जिल्ला समिति गठनको प्रक्रिया समेत शुरु भएको जानकारी दिइएको छ । जनमत पार्टीका राष्ट्रिय अध्यक्ष डा. सी.के. राउतले केन्द्रीय सदस्य सचिव ललन मण्डललाई पत्रमार्फत समिति विधिवत् रूपमा घोषणा गरेका छन् । उनले समितिका सबै सदस्यहरूलाई बधाई दिँदै सफल कार्यकालको शुभकामना व्यक्त गरेका छन् । अध्यक्ष राउतले प्रेस जनमत संघले पत्रकारिता र पार्टीबीच सेतुको भूमिका निर्वाह गर्दै सूचना, अभिव्यक्ति स्वतन्त्रता र लोकतान्त्रिक मूल्यको संरक्षणमा योगदान पुर्याउने विश्वास व्यक्त गरेका छन् ।

# सडक सुरक्षा सम्बन्धी चेतनामूलक कार्यक्रम सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**
ट्राफिक सप्ताह अन्तर्गत चौथो दिन आइतबार वीरगंजमा सडक सुरक्षा सम्बन्धी चेतनामूलक कार्यक्रम सम्पन्न भएको छ । जिल्ला प्रहरी कार्यालय पर्सा र जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साको संयुक्त आयोजनामा सञ्चालित अभियानअन्तर्गत सर्वसाधारण, यालु, सवारी चालक लगायतलाई ट्राफिक नियमका बारेमा सचेत गराइएको छ । सोही अवसरमा निःशुल्क आँखा जाँच शिविर, ट्राफिक सचेतनाका पर्चा वितरण, स्टिकर टाँसे लगायतका कार्यक्रमहरू गरिएको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साका प्रमुख प्रहरी निरीक्षक लोकराज भट्टको संयोजनमा कार्यक्रम सम्पन्न भएको हो । उनले नागरिकको सक्रिय सहभागिताबिना सुरक्षित यातायात सम्भव नभएको उल्लेख गर्दै ट्राफिक सप्ताहलाई सचेतनाको अभियानका रूपमा लिएको बताए । वीरगंजको नयाँ बसपार्क क्षेत्रमा वीरगंज सामुदायिक आँखा अस्पतालको प्राविधिक सहयोगमा आँखा जाँच शिविर सम्पन्न भएको हो । चालक, सहचालक र अन्य सवारीसम्बन्धी कर्मचारी गरी १०७ जनाको आँखा परीक्षण गरीएको छ । सो अवसरमा वडा प्रहरी कार्यालय बिर्ताका प्रहरी निरीक्षक निरोज चौलागाईं, वीरगंज महानगरपालिका वडा नं. ४ का अध्यक्ष जगत साह कानु, ट्राफिक प्रहरीका गुणनिधि खकुरेल, अभिनयता दिलीपराज कार्की लगायतको उपस्थिति रहेको थियो ।

# झूटो विवरण पेश गरि नागरिकता लिएको आरोपमा अग्रवाल पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
झूटो विवरण पेश गरी नेपाली नागरिकता लिएको आरोपमा भारतीय नागरिक राजीव अग्रवाललाई पर्सा प्रहरीले पक्राउ गरेको छ । भारतबाट नेपाल आएका अग्रवालले २०६३ सालमा जन्मको आधारमा नेपाली नागरिकता लिएका थिए ।
तर, उनीमाथि नागरिकता प्राप्ति प्रक्रियामा अनियमितता र झूटो विवरण प्रयोग गरेको उजुरी परेको थियो । सो उजुरीको अनुसन्धानका क्रममा प्रहरीले उनलाई नियन्त्रणमा लिएको हो । जिल्ला प्रशासन कार्यालय पर्सामा परेका उजुरीहरूमा राजीव अग्रवालले नेपालमा स्थायी रूपमा नबसी नेपाली नागरिकताको नक्कली विवरण दिएका आरोप छन् । त्यसपछि तत्कालीन प्रमुख जिल्ला अधिकारी आसमान तामाङको निर्देशनमा जिल्ला प्रहरी कार्यालयमार्फत अनुसन्धान शुरु गरिएको थियो ।
प्रहरी स्रोतका अनुसार अग्रवाल वीरगंज महानगरपालिका–१० स्थित ठाकुर राम बहुमुखी क्याम्पस पछाडिको क्षेत्रमा घर बनाई बसेका थिए । हाल उनी वीरगंज–६ स्थित दुई नम्बर रोडमा पसल सञ्चालन गर्दै आएका थिए भने पछिल्ला केही वर्षदेखि भारतको सुरतमा स्थायी रूपमा बसोबास गर्दै व्यापार गरिरहेको खुलेको छ ।
प्रहरीले अग्रवाललाई नागरिकता सम्बन्धी विवरण बुझ्न जिल्ला प्रशासन कार्यालय पुगेके बेला पक्राउ गरेको बताएको छ । पर्सा प्रहरीले नागरिकता अनियमितता प्रकरणमा अग्रवाललाई नियन्त्रणमा लिएको पुष्टि गर्दै थप अनुसन्धान भइरहेको जानकारी दिएको छ ।

# औरही नगरपालिकामा मेधावी विद्यार्थीलाई साईकल वितरण

**मधेशदृष्टि**
**महोत्तरी ।**
महोत्तरीको औरही नगरपालिकामा आठवटा विद्यालयका कक्षा ८ मा अध्ययनरत उत्कृष्ट विद्यार्थीहरूलाई साईकल वितरण गरेर सम्मान गरिएको छ । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका अध्यक्ष महन्थ ठाकुरको प्रमुख आतिथ्यमा आयोजित विशेष कार्यक्रममा प्रत्येक विद्यालयका प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने विद्यार्थीलाई साईकल प्रदान गरिएको हो । साईकल वितरण समारोहमा नगर प्रमुख प्रदीप खड्का, उपप्रमुख रेनु झा, लोसपा मधेश प्रदेश संसदीय दलकी सचेतक रमिता प्रधान, जिल्ला समन्वय समिति अध्यक्ष सुमन कर्ण, लोसपा नेपालका सचिव ज्ञानेन्द्र झालगायतको उपस्थिति रहेको थियो । अध्यक्ष ठाकुरले शिक्षालाई सामाजिक रूपान्तरणको आधारस्तम्भ भन्दै साईकल वितरण कार्यक्रमले विद्यार्थीहरूलाई अझ मेहनत गर्न हौसला दिने बताए । उनले भने, 'शिक्षा र प्रेरणाले नै समाजमा नयाँ दिशा दिन्छ, हामी शिक्षा प्रणालीको सुधारका लागि प्रतिबद्ध छौं ।' नगर प्रमुख खड्काले कार्यक्रमलाई विद्यार्थीहरूमा सकारात्मक ऊर्जा थप्ने अभियानको रूपमा व्याख्या गर्दै शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखेर नगरपालिकाले विविध कार्यक्रम अघि बढाउने प्रतिबद्धता जनाए । उपप्रमुख रेनु झाले पनि साईकल वितरण जस्तो अभियानले विद्यार्थीहरूको आत्मविश्वास वृद्धिमा सहयोग पुग्ने विश्वास व्यक्त गरिन् । कार्यक्रमका आयोजक संस्थाहरूले आगामी दिनमा अन्य तहका विद्यार्थीहरूलाई समेत यस्तै प्रेरणात्मक कार्यक्रममार्फत प्रोत्साहित गर्ने योजना बनाएको जनाएका छन् ।

# धनुषामा रातको समयमा प्रहरीद्वारा घरमा छापा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषा जिल्लाको मुखियापट्टी मुसहरनिया गाउँपालिका–६ लक्ष्मीपुर टोलमा आइतबार राति प्रहरीले छापामार शैलीमा एक घरमा प्रवेश गरी कुटपिट, दुव्र्यवहार र तोडफोड गरेको आरोप लागेको छ । राति करिब १ बजेको समयमा तीन दर्जनभन्दा बढी प्रहरीको टोलीले भोगेन्द्र यादवको घरलाई लक्षित गर्दै छतबाट प्रवेश गरेको र घरका चुकुल फोड्दै बलपूर्वक छापा मारेको पीडित पक्षको आरोप छ । प्रहरीको कारबाहीमा महिलामाथि अभद्र व्यवहार गरिएको, घरको दराज र बक्सहरू भत्काइएको, नगद दुई लाख रुपैयाँ र केही थान सुनचाँदीका गहना हराएको गुनासो पीडित महिलाहरूले गरेका छन् । रातिको समयमा कागजपत्र नदेखाई बल प्रयोग गरिएको भन्दै पीडित पक्षले प्रहरीको व्यवहारलाई 'दमनकारी' र 'असंवैधानिक' भनेका छन् । पीडित विकास यादवले भने, 'राति सुतिरहेको अवस्थामा प्रहरी एक्कासी घरभित्र पस्यो । एक जनाले पेस्तोल देखाउँदै धम्की दियो बढी बोलिस भने मर्छस् । जब मैले दिनको उज्यालोमा किन नगर्ने भनेर सोधेँ, तिनीहरूले मलाई जबरजस्ती बाहिर निकालेर धकेले ।' उनका अनुसार प्रहरीको ज्यादतीका कारण परिवारका सदस्यहरूमध्ये काका उपेन्द्र यादव गम्भीर घाइते भएका छन् । उनको टाउकोमा चोट लागेपछि उपचारका लागि जनकपुरधामको न्युरो अस्पतालमा भर्ना गरिएको छ ।
घटनालाई लिएर राजनीतिक प्रतिशोधको शंका गरिएको छ । नेकपा एमालेका स्थानीय नेता तथा पालिका अध्यक्ष सुशील यादवका अनुसार केही समयअघि आफू र जसपा नेपालका नेता विरेन्द्र छोटेबीच सामान्य भनाभन भएको थियो ।
सोही घटनालाई लिएर छोटे समूहले प्रहरी प्रशासनमा दबाब दिई झूटो उजुरीका आधारमा मुद्दा चलाउँदै आफ्ना नातेदारहरूलाई फसाउन खोजेको उनले आरोप लगाए । 'हामीले प्रहरीमा उजुरी दियौं । तर, उल्टै उनीहरूले पहुँचको भरमा रातिको समयमा यस्तो कारबाही गराए । गाउँमा आतंक मच्चाइएको छ,' अध्यक्ष यादवले भने ।
फुलगामा प्रहरी चौकीका इन्चार्ज अवधलाल सोनारले उक्त रातको घटनामा आफू पनि सहभागी रहेको स्वीकार गर्दै जिल्लाबाट आएको टोलीले साथ दिन भनेपछि गएको प्रतिक्रिया दिए । तर, जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता डिएसपी वरुणबहादुर सिंहले भने घटना सम्बन्धी जानकारी नभएको भन्दै चुप्पी साधे । घरमा छापा मार्ने क्रममा प्रहरी टोलीले महिलामाथि अमानवीय व्यवहार गरेको, घण्टौंसम्म घर खानतलासी लिँदा कुनै लिखित अनुमति वा प्रमाण नदेखाएको भन्दै स्थानीयवासी आक्रोशित छन् । घटनाको निष्पक्ष छानबिन र दोषीमाथि कारबाहीको माग गर्दै एमाले धनुषाले प्रेस विज्ञप्तिमार्फत विरोध जनाएको छ । विज्ञप्तिमा भनिएको छ, 'रातको समयमा नागरिकको मौलिक हक कुचिएको, महिला र बालबालिकामाथि भय उत्पन्न गरिएको छ । यो पूर्णरूपमा गैरकानुनी र अमानवीय हो ।'


## श्री सुन्दरी डिष्टिलरी प्रा.लि.सुनवल नवलपरासी
## मुल्य सुची सम्बन्धि सुचना

यस उधोगबाट उत्पादित मदिराहरू को मुल्यसुचि अर्को सुचना प्रकाशित नहुंदा सम्मका लागि मिति २०८२/०२/२५ (०८.०६.२०२५)गते देखि नेपाल भरि लागु हुने गरि तल उल्लेखित मुल्यमा खरिद एवमं बिक्री वितरण गर्न र गराउनु हुन सम्बन्धित सबैको जानकारी का लागि यो सुचना प्रकाशित गरिएको छ।

| ब्राण्डको नाम | यु.पि | साईज | नेशनल डिष्टिब्यूटर्स | ने.डि. कमिसन | वितरक मुल्य | वितरक कमिसन | होलसेल मुल्य | होलसेल कमिसन | रिटेल मुल्य | रिटेल कमिसन | उपभोक्ता मुल्य | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | शक्ति | मि.लि | | | | | | | | | प्रति कार्टुन | प्रति बोतल |
| SHALU SOFI , LEKALI WHITE | 70 | 300 | 1023.78 | 25.99 | 1049.77 | 33.90 | 1083.67 | 44.07 | 1127.74 | 72.26 | 1200.00 | 40.00 |
| MAUSAM RED ORANGE /SHALU LITCHI/SMOOTHER/MAUSAM WHITE/MAUSAM RED XXX | 70 | 300 | 1049.77 | 33.9 | 1083.67 | 44.07 | 1127.74 | 59.89 | 1187.63 | 72.37 | 1260.00 | 42.00 |
| LEKALI RED XXX | 70 | 300 | 1079.15 | 45.2 | 1124.35 | 54.24 | 1178.59 | 84.75 | 1263.34 | 86.66 | 1350.00 | 45.00 |
| MAUSAM PREMIUM/1227 PREMIUM | 70 | 300 | 1224.92 | 54.24 | 1279.16 | 84.75 | 1363.91 | 99.44 | 1463.35 | 96.65 | 1560.00 | 52.00 |
| AXIL XXX | 50 | 180 | 5799.386 | 75.032 | 5874.42 | 99.89 | 5974.31 | 119.78 | 6094.09 | 145.91 | 6240.00 | 130.00 |
| SEQUANCE APPLE | 50 | 180 | 5848.993 | 100.005 | 5949.00 | 124.75 | 6073.75 | 224.87 | 6298.62 | 181.38 | 6480.00 | 135.00 |
| BLACK RAIN /KINGFISHER | 50 | 180 | 5999.012 | 149.996 | 6149.01 | 199.33 | 6348.34 | 249.73 | 6598.07 | 601.93 | 7200.00 | 150.00 |

नोटः उपरोक्त मुल्यमा अन्त:शुल्क,मु.अ.कर कर तथा सबै कर समाबेस गरिएको साथै ढुवानी खर्च अतिरिक्त लाग्ने छ ।

## सम्पादकीय

# बाल उद्यानको नाम परिवर्तन

*वीरगंज महानगरले बाल उद्यान (चिल्ड्रेन पार्क)लाई नयाँ स्वरुप र ढाँचामा नाम फेरेर शंखधर साख्वः उद्यान (पार्क)का रूपमा सञ्चालनमा ल्याएपछि मिश्रित प्रतिक्रिया आएका छन् । उद्यान लामो समयदेखि बन्द थियो र शंखधर साख्वः पार्कका नाममा सञ्चालनमा आएको हो।*

*१९ कट्ठा क्षेत्रफलमा रहेको पार्कमा भएको अतिक्रमण हटाउँदै दुई बिघा क्षेत्रमा फैलाउने काम भएको छ। वीरगंज महानगरका प्रमुख राजेशमान सिंहले शंखधर साख्वः उद्यान केबल सौन्दर्यकरणको परियोजना मात्र नभएर वीरगंजवासीको सामूहिक जीवनशैली र सांस्कृतिक पहिचानसँग जोडिएको बताएपछि केही महानगरबासीले शहरले नचिन्ने नाममा किन पार्क राखिएको भनेर सामाजिक सञ्जालमा तिर हानेका छन्। महानगर प्रमुखको जिकिर छः शंखधर साख्वः पार्कलाई मनोरञ्जन, स्वास्थ्य र समुदायको मुटु बनाउने योजना छ, यसले संस्कृतिलाई सम्मान गर्दै समृद्ध नगर निर्माणको दिशामा योगदान पुर्याउने छ।*

*वीरगंज महानगरले एक करोड २५ लाख रुपैयाँ खर्च गरेर उद्यानको पूर्वाधार निर्माण तथा सौन्दर्यकरणको काम गरेको छ। उद्यानमा पानीको फोहोरा, खुलामञ्च, वनभोजस्थल, नृत्यस्थल, टेबलटेनिस कोर्ट, योगस्थल र प्रभातयात्रा गर्न मिल्ने ट्र्याकको सुविधा छ। उद्यानको सुरक्षाका लागि चौतर्फी पर्खाल लगाइएको छ । उद्यानमा हरेक दिन बिहान ६ बजेदेखि ८ बजेसम्म र बेलुका ५ बजेदेखि ८ बजेसम्म खुला राखेर सर्वसाधारणलाई सहज बनाइने महानगरको योजना छ।*

*आलोचना मात्रै गर्न रमाउने एउटा तप्काले सधैँ काम गर्नेहरुलाई ऊर्जा दिने गर्दछ। अहिले पार्कको नामकरण परिवर्तनले यही आलोचनामा हुर्केको र यस्तैमा रमाउने समूहले सामाजिक सञ्जालमा आफ्नो समय खपत गरिरहेका छन्। गर्नु पर्ने के हो त ? त्यसमा ध्यान छैन, के नाम राख्दा हुन्थ्यो ? यसको पनि रचनात्मक सुझाव छैन । वश एउटा तप्का काममा भन्दा आलोचनामा निकै रमाउन थालेको दशकौँ भएको छ । यसैले काम गर्नेहरुलाई केहीबेर हतोत्साह भए पनि दीर्घकालसम्म यो ऊर्जावान नै बनिरहेको छ। यसले भन्छ कि, समाज बनाउने काम एकपाखे भइरहेको छ। समाज सबै मिलेर बनाउन दोहोरो सम्वाद हुन पर्छ। एकाथरि काम गरिरहने र अर्काथरि आलोचनामा रमाइरहँदा दुवैको सिर्जनात्मकता एकांगी हुने पक्का हो । यसर्थ यस्ता सार्वजनिक हितका विषयमा आलोचना होइन सहकार्य हुनुपर्छ।*

# घरेलु श्रमिक अधिकारबाट वञ्चित



**नारायणप्रसाद न्यौपाने**



सरकारले आगामी आर्थिक वर्ष २०८२–८३ को बजेट वक्तव्यमार्फत मर्यादित श्रमअभ्यास, असल श्रम सम्बन्ध र उत्पादकत्व अभिवृद्धि गर्दै श्रमिकको हकहितको सुरक्षा गरिने प्रतिबद्धता व्यक्त गरेको छ । बालश्रम, लैङ्गिक हिंसा, यौन दुव्र्यवहारजस्ता कार्य अन्त्य गर्न पारिवारिक तथा साािजक जागरणका कार्यक्रम सञ्चालन गर्ने सरकारको उद्धोष छ। सरकारले यसो भनिरहँदा घरेलु बालश्रम, लैङ्गिक हिंसा र बेरोजगार युवाका समस्या भने चुनौतीपूर्ण देखिएका छन्।

बाल क्लबका पूर्वसदस्यद्वारा किशोर–किशोरीका क्षेत्रमा कार्यरत गैरसरकारी संस्था युवालयका अनुसार ९० प्रतिशत घरेलु कामदार महिला छन् भने महिला अधिकार र श्रमको सम्मान हुन सकेको छैन । युवालयका प्रशिक्षक शर्मिला थापाका अनुसार श्रम ऐन, २०७४ ले घरेलु कामलाई श्रमका रूपमा सम्बोधन गर्दै सबै प्रकारका कामलाई औपचारिक रूपमा परिभाषित गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीयस्तरमा घरेलु कामदारलाई दर्ता गर्ने अधिकार र जिम्मेवारी स्थानीय तहलाई दिएको छ । ऐनमा स्थानीय सरकारलाई रोजगारी प्रवद्र्धन गर्ने, रोजगारी सृजना गर्ने र कामदारको अधिकारको संरक्षण गर्ने सुनिश्चित गरेको छ । ढिलै भए पनि काठमाडौँको बूढानीलकण्ठ नगरपालिकाले भने घरेलु कामदारको तथ्याङ्क सङ्कलन गर्ने कार्य प्रारम्भ गरेको छ।

युवालयका कार्यकारी निर्देशक सञ्जीव अधिकारी घरेलु कामदारका लागि निश्चित ज्याला÷तलब नतोकिंदा उनीहरू मारमा पर्दै आएका बताउनुहुन्छ । कतिपय त्यस्ता श्रमिकसँग घरेलु उपकरण सञ्चालन गर्ने सीप र क्षमता न्यून हुँदा पारिश्रमिक, व्यावसायिक स्वास्थ्य र सुरक्षा झन् कमजोर बनेको उहाँको बुझाइ छ।

युवालयका अनुसार मुलुकमा करिब दुई लाखको सङ्ख्यामा बालश्रमिक तथा घरेलु कामदार भएको अनुमान गरिएको छ। उक्त संस्थाले सरकारी नीति तथा कार्यक्रमलाई व्यावहारिक रुपमा कार्यान्वयन गर्ने सिलसिलामा लक्षित वर्ग र समुदायलाई सचेतना, परामर्श र दक्षता अभिवृद्धिमार्फत आत्मनिर्भर बनाउने प्रयास गरिरहेको छ।

राष्ट्रिय महिला आयोगका अध्यक्ष कमला पराजुली आर्थिक आयआर्जनसँग जोडिएको काममा पुरुषले अग्रसरता लिने भएकै कारण महिलाहरू ‘अनपेड जब’मै सीमित हुनुपरेको बताउनुहुन्छ । विश्वभर दैनिक १६ अर्ब घण्टाभन्दा बढी बेतलबी घरेलु काममा योगदान गरिने विभिन्न अध्ययनले देखाएका छन् । अन्तरराष्ट्रिय श्रम सङ्गठन (आइएलओ)ले सन् २०२३ मा गरेको एक अध्ययनअनुसार कुल बेतलबी हेरचाह र घरेलु कामको ७६ प्रतिशत महिला र युवतीहरू छन्।

राष्ट्रिय जनगणना, २०७८ ले बेतलबी हेरचाह कार्य र राष्ट्रिय अर्थतन्त्रमा महिलाको योगदानका बारेमा जानकारी सङ्कलन गर्न प्रश्न समावेश गरेको थियो। घरेलु महिला कामदार तथा बेतलबी महिला हेरचाहको अवस्थाबारे विभिन्न अध्ययन र अनुसन्धान गरी सत्यतथ्य उजागर गर्दै सो समस्या समाधानका लागि सरकारको ध्यानाकर्षण गराउन उक्त संस्था क्रियाशील छ।

त्यस्ता श्रमिकले के–कस्ता चुनौती र अवरोध सामना गरिरहेका छन्, त्यसको यथार्थ खोजी गर्दै आवश्यक नीतिनियम निर्माणका लागि तीन तहकै सरकारलाई राय परामर्श दिइरहेको युवालयका कार्यक्रम संयोजक प्रज्ज्वल ओलीले जानकारी दिनुभयो । घरेलु श्रमिकसम्बन्धी तथ्य तथ्याङ्कलाई चुस्त दुरुस्त तुल्याउन परिचयपत्र, न्यूनतम पारिश्रमिक, कार्यविधि र स्थानीय तहले श्रम ‘डेक्स’ खडा गर्नु उपयुक्त हुने सो संस्थाको सुझाव छ। चौथो अङ्गका रूपमा रहेको मिडियालाई आवाजविहीनको आवाज भनिए पनि अनलाइन हुन् वा छापा माध्यममा आवाज दिनेका मात्र आवाज समेटिएका छन्। अझै पनि पहुँच नभएका युवाका कथा र घरेलु कामदारका मुद्दाले प्राथमिकता पाउन सकेको छैन।

घरेलु कामको आयआर्जन वृद्धि गरी जीविकोपार्जनका लागि रणनीति योजना बनाउन पनि युवालयले सहयोग पुर्याइरहेको छ । उनीहरुको आवाज बुलन्द गर्न सघाउ पुर्याउने हेतुले नीतिगत संरचना, निर्णयअभ्यास र स्रोत व्यवस्थापनको खोजी र अनुसन्धानमा पनि संस्था क्रियाशील छ । घरेलु श्रमिकले पाउने तलब, बिदा, क्षमता अभिवृद्धि र मनोरञ्जनको पाटोमा स्थानीय तहले आवश्यक ध्यान पुर्याउन नसक्दा त्यस्ता प्रभावित अझ मारमा पर्दै आएका छन् । उनीहरूका क्षणक्षणमै मानवअधिकार हुनन हुन पुगेको छ।

प्रतिनिधिसभा, महिला, बालबालिका तथा समाज कल्याण समितिका सभापति किरण साह राष्ट्रलाई समृद्ध बनाउन महिला अधिकारको सम्मान हुनुपर्ने धारणा राख्नुहुन्छ । उहाँ भन्नुहुन्छ, “समानता र राजनीतिक अग्राधिकार सबैमा शिक्षा दिई जबसम्म राज्यको दायित्वभित्र महिलालाई ५० प्रतिशत अधिकार दिलाउन सकिन्न, तबसम्म राष्ट्र समृद्ध हुन सक्दैन।”

श्रम ऐनले घरेलु श्रमिकले वार्षिक १२ दिन बिदा पाउने व्यवस्था गरेको भए पनि उनीहरुले आफूले चाहेको बेला र चाडपर्वमा बिदा नपाउने अवस्था छ । विभिन्न समस्या कानुनी शिक्षा नहुनु, लामो समयसम्म काम गर्नुपर्ने, स्थानीय सरकारले घरेलु श्रमिकलाई औपचारिक रूपमा दर्ता गर्ने जिम्मेवारी पाएको छ । कानुनले श्रमिकको परिचय, दर्ता, अनुगमन, सामाजिक सुरक्षाको सुनिश्चितता र प्रोत्साहन, बिमा, सामाजिक सुरक्षा भत्ताको व्यवस्था स्थानीय तहले मिलाउनुपर्ने व्यवस्था छ।

घरमुलीबाट घरेलु महिला श्रमिक यौन शोषण र कुटपिट तथा यातनामा पर्ने गरेको घटना सार्वजनिक भइरहन्छन् । घरेलु कामदारको आधारभूत मानवअधिकारको पनि ख्याल नगरेको देखिन्छ। सरकारले मानव बेचबिखन र ओसारपासारको जोखिम नियन्त्रण गर्न सूचना सङ्कलनलगायत महिलाविरुद्ध हुने सबै प्रकारका हिंसा र उत्पीडनप्रति शून्य सहनशीलताको नीति अपनाइरहेको भनिरहँदा कतिपय महिला श्रमिक आधारभूत मानवअधिकारलगायत सुविधाबाट वञ्चितीकरणमा परिरहेको गुनासो गर्छन्।

त्यसो त सरकारले नेपालीलाई जीवनक्रममा आधारित साािजक सुरक्षा प्रणालीमा आबद्ध गराउने नीति अघि सारेको घोषणा गरेको छ। युवा सरोकार, बालश्रमिक, घरेलु बालबालिका र लैङ्गिक हिंसाका घटना न्यूनीकरण गर्न यस क्षेत्रका लागि उठाइने विषयवस्तुमा हुने लगानीले दिगो प्रतिफल दिने संस्थाका पूर्वअध्यक्ष सन्तोष महर्जन बताउनुहुन्छ।

सरकारले पनि युवा जनशक्तिलाई आत्मअनुशासन र सेवाभावका साथ राष्ट्र निर्माणमा परिचालित हुन अभिप्रेरित गर्ने तथा आर्थिक, सामाजिक विकास र सेवा प्रवाहमा युवाको योगदान वृद्धि गर्ने घोषणा गरेको छ । युवालयले दैलेख र बैतडीका विभिन्न चार पालिकामा लैङ्गिक समानता र समाजिक समावेशीकरण, लैङ्गिकतामा आधारित हिंसा, यौन स्वास्थ्य तथा प्रजनन अधिकार, प्राविधिक तथा वित्तीय अवसर दिलाउने कार्यमा सहजीकरण गरिरहेको संस्थाका अध्यक्ष धर्मराज रिमालले बताउनुभयो।

सरकारले बजेट तथा नीति र कार्यक्रममार्फत बेरोजगारी समस्या दिगो रूपमा समाधान गर्न श्रम बजारको मागअनुरुप युवा जनशक्तिको सीप र दक्षता विकास गरिने प्रतिबद्धता जनाएको छ । सरकारले नियमित आयआर्जन गर्नेलाई योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा समेट्ने तथा महिलाको शैक्षिक तथा आर्थिक अवस्थामा सुधार गरी आत्मविश्वास र स्वाभिमान अभिवृद्धि गर्न कोसिस गरिरहेको छ। रोजगारदाता र घरेलु कामदारबीच औपचारिक सम्झौता नहुँदा पनि श्रमिक ज्यालामा ठगिन बाध्य छन्। सरोकारवालाले घरेलु श्रमिकको अधिकार स्थापित गर्न श्रम शिक्षा, ट्रेड युनियनहरू र स्वसहायता समूहको भूमिका बढाउने, सामाजिक सुरक्षा र उनीहरूलाई सङ्गठित गर्नुपर्ने आवश्यकतामा जोड दिंदै आएका छन्। रासस

# नेपालमा कोभिडको नयाँ सङ्क्रमण कस्तो छ ?

**बीबीसी नेपाली सेवा**

भारतमा कोभिडको नयाँ भेरिअन्ट फैलिन थालेसँगै चिन्ता बढिरहेका बेला नेपालमा पनि सङक्रमण देखिएको अधिकारीहरूले बताएका छन। यद्यपि ‘¥यापिड डाइग्नोस्टिक टेस्ट’ (आरडीटी) का क्रममा सङक्रमण पुष्टि भए पनि ती नमूनाहरूको थप परीक्षण भइरहेको उनीहरूले बताएका छन् । भारतसँग सीमा जोडिएको सुदूरपश्चिमको धनगढी नाकामा बुधबार र बिहीबार गरिएको ‘¬यान्डम’ परीक्षणका क्रममा चारजनामा सङ्क्रमण देखिएको हो। ‘महाराष्ट्र, दिल्ली र गुजरातबाट आएकाहरूमा सङ्क्रमण देखिएको हो,’ सुदूरपश्चिम प्रादेशिक स्वास्थ्य निर्देशनालयका निमित्त निर्देशक डाक्टर खगेन्द्र बमले भने, ‘अछाम, डोटी, कैलाली र बर्दिया घर भएका उनीहरूलाई घरै ’आइसोलेन’मा बस्न अनुरोध गरेर पठाएका छौँ।’ पिसिआरका निम्ति नमूना सङ्कलन गरी काठ्माण्डू पठाइएको उनले बताए।

भारतमा सङ्क्रमण बढ्दा नेपालमा चिन्ता

भारतमा सङ्क्रमितको संख्या पाँच हजारको नजिक पुगेपछि नेपालमा पनि चिन्ता बढेको हो। भारत र नेपालबीच खुला सीमा हुनुका साथै आउजाउ धेरै हुने भएकाले सतर्कता बढाइएको स्वास्थ्य मन्त्रालयका प्रवक्ता डाक्टर प्रकाश बुढाथोकीले बताए । भारतको स्वास्थ्य मन्त्रालयको वेबसाइटमा बिहीवार अपरान्हसम्ममा सक्रिय सङ्क्रमितको संख्या ४ हजार ८ सय ६६ उल्लेख थियो । उक्त संख्याको एक तिहाइजति अस्पतालमा उपचाररत् छन्। त्यहाँको केन्द्र सरकारले राज्य सरकारहरूलाई सतर्क गराउँदै अक्सिजन, भेन्टिलेटर र औषधिहरूको उपलब्धता सुनिश्चित गर्न निर्देशन दिएको छ।

‘त्यत्रो जनसंख्या भएको देशमा चार पाँच हजार जनामा सङ्क्रमण देखिनु ठूलोजस्तो नलागे पनि हामी सतर्क भएका छौँ,’ प्रवक्ता बुढाथोकीले भने, ‘सत्रवटै स्थल नाका र तीनवटै हवाई नाकामा सतर्कता बढाउनुका साथै देशका सबै प्रयोगशालाहरूलाई तयार अवस्थामा राखेका छौँ ।’ सङ्क्रमण बढेको पाइएमा र चालिस पचास जनामा सङ्क्रमण देखिएमा मात्रै ’जिन सिक्वेन्सिङ’ गर्नतर्फ लागिने उनले बताए । ‘जिन सिक्वेन्सिङ’ सङ्क्रमणको भेरिअन्टको पत्ता लगाउन गरिने महँगो र जटिल किसिमको परीक्षण हो। प्रवक्ता बुढाथोकीका अनुसार अहिले देखिएको सङ्क्रमण कोभिडको एकदमै नयाँ भेरिअन्ट होइन । भारतीय स्वास्थ्य संस्थाहरूका विवरणलाई आधार मान्दा अहिले फैलिएको सङ्क्रमण नयाँ नभइ पुरानै ओमिक्रोन भेरिअन्टको म्युटेशन हुँदै बनेको जेएन १ र त्यसका सब–भेरिअन्टहरू भएको पाइएको उनले बताए।



‘विश्व स्वास्थ्य सङ्गठन डब्ल्युएचओले पनि भारतमा देखिएका मामिलाहरूको अनुगमन गरिराखेको छ । डब्ल्युएचओ र भारतकै कतिपय रिपोर्टहरूले पनि यो भेरिअन्ट त्यति घातक नभएको जनाएका छन्,’ उनले भने, ‘तर सँगसँगै दीर्घरोगी, वृद्धवृद्धा तथा प्रतिरोधी क्षमता कम भएका अर्थात् जोखिम समूहमा पर्ने मानिसहरू अस्पताल भर्ना हुनुपर्ने अवस्था देखिनुका साथै सङ्क्रमणकै कारण केहीको मृत्यु पनि भएको पाइएको छ ।’ शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका क्लिनिकल रिसर्च इकाइका प्रमुख डाक्टर शेरबहादुर पुन हाल देखिएको सङ्क्रमणको विस्तारलाई स्वाभाविक नै मान्छन् । ‘महामारीको स्थिति अन्त्य भइसकेपछि मान्छेहरूको आउजाउ व्यापक भयो,’ उनले भने, ‘त्यसका साथै अहिले फैलिएको भेरिअन्टलाई कम घातक भनिए पनि सङ्क्रामक चाहीँ छ ।’ डब्लुएचओले सङ्क्रमणका पछिल्ला घटनाहरूलाई निगरानीमा मात्रै राखेकाले डराइहाल्नु पर्ने नभए पनि सतर्क भने हुनुपर्ने डाक्टर पुन बताउँछन्।

पुनः खोप लगाउनुपर्छ?

पूरा मात्रा खोप लगाइसकेकाले पुनः खोप लगाउनु नपर्ने अधिकारीहरूले बताएका छन्। मन्त्रालयका प्रवक्ता बुढाथोकी नेपालमा प्रयोग भएका कोभिडविरुद्धका खोपहरू ’एन्टिबडी’ बनाउन प्रभावकारी देखिँदै आएकाले पूरा मात्रा खोप लगाएका व्यक्तिले नयाँ खोप लगाउनु नपर्ने बताए।

‘तपाईंले पहिल्यै खोपको दुई मात्रा पूरा गरिसक्नुभएको छ वा बुस्टर डोज पनि लगाइसक्नु भएको छ भने फेरि लगाइरहनु पर्दैन,’ उनले भने, ‘तर त्यतिबेला खोपको एक मात्रा मात्रै लगाउनुभएको थियो वा एक मात्रा पनि लगाउनु नै भएको थिएन भनेचाहीँ समस्याको कुरा हो।’

नमूना सङ्कलन गरिँदै

मन्त्रालयका अधिकारीहरू विगतको तुलनामा यस्ता किसिमका सङ्क्रमणसँग जुध्नका निम्ति थुप्रै किसिमका तयारी भएको बताउँछन् । ‘भेन्टिलेटर र आइसियुको उपलब्धता वा आवश्यक तालिम वा एक्सन प्लानको कुरा हेरौँ, धेरै तयारी भएका छन्,’ प्रवक्ता बुढाथोकीले भने, ‘सबैभन्दा पहिले सङ्क्रमण भित्रिन नपाओस् भनेर नाकाहरूमा ध्यान दिएका छौँ। मिल्दो लक्षण भएकाको आरडीटी परिक्षण गर्न र पीसीआरका निम्ति पठाउन भनेका छौँ ।’ ‘सर्वसाधारणलाई पनि जनस्वास्थ्यका मापदण्ड पालना गर्न अनुरोध गरिराखेका छौँ। त्यस्तै अस्पतालहरूलाई पनि लक्षण देखिएका बिरामीहरूको कोभिडसमेत जाँच्न भनेका छौँ ।’ बुढाथोकीका अनुसार नेपालको हालको स्वास्थ्य प्रणालीले एक लाख मानिसहरूलाई अस्पतालमा भर्ना गरेर सेवा दिन सक्छ। ‘त्यो संख्या लाखौँ भइदियो भने त सक्ने कुरा हुँदैन । त्यस्तो स्थिति नआओस् भन्नका निम्ति जनस्वास्थ्य मापदण्डको पालना महत्त्वपूर्ण हुन्छ।’

सुझाव

डाक्टर पुन डेल्टाको तुलनामा अहिलेको भेरिअन्ट कम घातक देखिए पनि यसले ज्येष्ठ नागरिक र दीर्घरोगीलाई दुःख दिन सक्ने बताउँछन् । अस्पतालमा आफूले गरेको अनुभव र सञ्चारमाध्यममा आएका बाहिरका विवरणहरूले पनि त्यही देखाएको बताउँदै उनले अहिलेको सङ्क्रमणलाई नजरअन्दाज गर्न नहुने बताए। ‘महामारी अन्त्य भइहाल्यो अब केही हुँदैन भनेर ढुक्क भएर हिँड्नुभन्दा भिडभाडको ठाउँमा ख्याल गर्ने, मास्क लगाउने र साबुनपानीले हात धुनेजस्ता हामीलाई पहिल्यैदेखि थाहा भएका कुराहरूलाई बेवास्ता नगरौँ,’ उनले भने, ‘यसले कोभिडको सङ्क्रमणबाट त जोगाउन सक्छ नै, सँगसँगै अहिले मनसुन सिजनमा देखिने झाडापखाला, टाइफाइड तथा रुघाखोकी आदिबाट पनि जोगाउँछ।’ ‘विशेष गरी ज्येष्ठ नागरिक र दीर्घरोगीहरूको स्वास्थ्यप्रति सतर्क हुनुपर्छ। यदि कोही व्यक्ति सङ्क्रमण फैलिएका स्थानहरूबाट आएको छ र लक्षणहरू पनि देखिएको छ भने तत्काल घरपरिवारका मानिसहरूसँग घुलमिल नगरी केही दिन अलग्गै बसेको उत्तम हुन्छ।’

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ । सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ ।

# प्रधानमन्त्रीलाई चेपाङ समुदायबाट चिउरी उपहार

**हेटौँडा ।**
मकवानपुरको राक्सिराङ गाउँपालिकाका चेपाङ समुदायले बागमती प्रदेशसभा सदस्य भारती पाठकमार्फत प्रधानमन्त्री केपी शर्मा ओलीलाई उपहारस्वरुप 'चिउरी' प्रदान गरेका छन् । यहाँका चेपाङ समुदायले परम्परागत रूपमा प्रयोग गर्दै आएको पेरुङ्गो (बाँसको टोकरी)मा राखेर चिउरी पठाएका हुन् ।

आईतवार उपहार ग्रहण गर्दै प्रधानमन्त्री ओलीले पेरुङ्गोमा चिउरीसँगै चेपाङ समुदायले आफ्नो आशा र भरोसा पनि पठाएको उल्लेख गर्दै उक्त उपहारका लागि धन्यवाद दिए ।

'चेपाङ समुदायको जीवनशैली, परम्परा, संस्कृति र जीविकोपार्जनसँग गहिरो सम्बन्ध राख्ने वनउपज चिउरीबाट म उक्त समुदायमा समृद्धी ल्याउने परिकल्पना गरिरहेको छु', उनले भने, 'परम्परागत सीप, जैविक विविधता, आदिवासी तथा सीमान्तकृत समुदायका जीवनशैलीप्रति म सम्मान व्यक्त गर्दै चिउरी प्रवद्र्धनका कार्यक्रम ल्याउनेप्रतिबद्धता ब्यक्त गर्दछु ।'

प्रधानमन्त्री ओलीले चिउरीको उत्पादन बढाउन र यसैमार्फत समुदायमा आर्थिक गतिविधि बढाउनका लागि कार्यक्रम ल्याउने बताए । उनले वन स्रोतको प्रयोगलाई केवल सालका रूख कटानमा सीमित नगरी दीगो वन व्यवस्थापन, जैविक विविधता संरक्षण र स्थानीय स्तरमा रोजगारी सिर्जना गर्ने दिशामा लैजानुपर्ने धारणा भनाइ राखे ।

प्रधानमन्त्री ओलीले चेपाङ समुदायको परम्परागत ज्ञान, जीवनशैली र चिउरीसँगको सम्बन्धप्रति सम्मान व्यक्त गर्दै यस्तो बहुआयामिक वन उत्पादको संरक्षण र प्रवद्र्धन गर्नुपर्नेमा जोड दिए । उनले प्राकृतिक स्रोतसाधनको दिगो व्यवस्थापन, जैविक विविधता संरक्षण तथा आदिवासी जनजातिको भूमिकालाई राज्यले प्राथमिकतामा राखेको समेत उल्लेख गरे ।

बागमती प्रदेशसभा सदस्य भारती पाठकले प्रधानमन्त्रीसँग भेटगर्ने क्रममा आदिवासी जनजातिको परम्परागत सीप, ज्ञान र जैविक विविधतालाई कायम राख्दै वनमा आधारित उद्यम विकास गर्नुपर्नेमा जोड दिईन । सामुदायिक वन उपभोक्ता महासङ्घकी अन्तरराष्ट्रिय अध्यक्ष समेत रहनुभएकी पाठकले मकवानपुर, चितवन र धादिङमा रहेका चेपाङ समुदायलाई आर्थिक गतिविधिमा जाड्ने उपयुक्त स्रोत चिउरी हुनसक्ने बताए ।

राक्सिराङ गाउँपालिका अध्यक्ष राजकुमार मल्लले आफूहरुले जनप्रतिनिधिमार्फत उपहार पठाएको बताए । उनले भने, 'प्रधानमन्त्रीका लागि पठाइएको चिउरी चेपाङ समुदायको पहिचानसँग पनि जोडिएको छ, उहाँले खुसीका साथ ग्रहण गरिदिनुभएकाले हामी हर्षित छौँ ।'

चेपाङ समुदायमा छोरीलाई विवाहमा चिउरीको बोट दाइजो दिने चलन छ । वनमा आधारित जीवनशैली अपनाउने र प्रकृतिका पुजारी चेपाङ समुदायले चिउरीको रूखलाई पनि सम्पत्ति मानेर दाइजो दिने गर्दछ ।रासस

# सरकार सही नीतिमा अघि बढेको छ, सत्तासाझेदार दलमा फाटो ल्याउन विपक्षीले गरेको प्रयास सफल हुँदैनः प्रधानमन्त्री

**काठमाडौँ ।**
प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले राजनीतिक स्थायित्व, सुशासन र विकासका लागि सही नीतिका साथ सरकार अघि बढिरहेकाले सत्तासाझेदार दलभित्र कुनै मतान्तर नरहेको स्पष्ट गरेका छन ।



अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियनको २४ औँ राष्ट्रिय महाधिवेशनको आज कीर्तिपुरमा उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले नेपाली कांग्रेस र एमालेबीचको सहमतिबमोजिम अबको १३ महिनापछि कांग्रेसलाई सरकारको नेतृत्व हस्तान्तरण गरेर एमाले सरकारका सामेल हुने दोहोर्याए ।

'हाम्रा विरोधीहरुले सत्ता गठबन्धनभित्र खेल्न खोजेका छन् । हामीले हाम्रो लक्ष्य मिसन २०८४ अन्तर्गत आगामी निर्वाचनमा बहुमत ल्याउँछ भनेको छौँ ।

प्रतिस्पर्धी दल भएकाले कांग्रेसले पनि त्यो भन्न पाउँछ ', अध्यक्ष ओलीले भने, 'हामी अहिलेसँगै सरकारमा रहेर भोलि प्रतिस्पर्धाका आधारमा निर्वाचन लड्न तयार भएरै अघि बढेका छौँ, त्यस अर्थमा मैले भन्दै आएको छु, आगामी निर्वाचनमा एमालेले एकल बहुमत ल्याउने गरी काम गर्नुपर्छ ।

यसमा कुनै अन्योलमा रहनुपर्ने अवस्था छैन ।'

प्रविधिको वर्तमान युगमा सूचना प्रविधिसँग अभ्यस्त भएर युवा विद्यार्थीले 'एमालेको जनताको बहुदलीय जनवाद र समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षा पूरा गर्ने अभिभारा पूरा गराउने अभियानमा अग्रणी भूमिका खेल्नुपर्नेमा जोड दिए ।

विद्यार्थी आन्दोलन र खासगरी अनेरास्ववियुको अगुवाइमा २०३६ सालमा जनमत सङ्ग्रहको घोषणा गर्न बाध्य बनाउने यही सङ्गठन भएको र आफूहरुले नै देशमा साँच्चैको लोकतन्त्र र गणतन्त्र ल्याउन बलिदान गरेको स्मरण गर्नुभयो ।

उहाँले गणतन्त्रको रक्षा, सुदृढ र गतिशील तुल्याउन विद्यार्थीका नाममा तोडफोड, कुटपिट, शिक्षालयमा आगजनी र तालाबन्दीजस्ता हिंसात्मक क्रियाकलाप गर्न अनेरास्ववियुका लागि छुट नहुने बताउँदै उनले सङ्गठनलाई परिवर्तनकारी, सभ्य र जिम्मेवार सङ्गठनका रुपमा रहन निर्देश गरे ।

'बाटोमा हिँड्दा तपाईंहरुको मित्रतापूर्ण बोली, व्यवहार र आचरणबाट नै अनेरास्ववियु हो भनेर अरुले चिनुन् । म अखिल हो भन्दै कार्ड देखाएर धम्क्याउने व्यवहार हामीबाट हुनुहुँदैन', उनले भने, 'एमालेप्रति भ्रम फैलाउने प्रवृत्ति छ ।

पार्टीभित्र एकता हुनुहुँदैन । चुनावबाटै नेतृत्व चयन गर्नुपर्छ भनेर भ्रम फैलाउन खोजेका छन् ।

मेरो आग्रह के हो भने हामी फेरि एकताबद्ध भएर जानसकेमा लक्ष्यमा पुग्न सक्छौँ । मिल्नै नसक्ने भएमा निर्वाचनमा जाने अधिकार छँदैछ ।'रासस

# देश विकासमा योगदान गर्नेलाई सम्मान गर्नुपर्ने



**ललितपुर ।**
नेपाली कांग्रेसका उपसभापति धनराज गुरुङले देश विकासमा योगदान गर्नेलाई सम्मान गर्नुपर्ने बताएका छन ।

नेपाल प्रजातन्त्र सेनानी सङ्घ केन्द्रीय समितिद्वारा नेपाली कांग्रेस केन्द्रीय कार्यालयमा आयोजित प्रजातन्त्र सेनानी स्वर्गीय हेमराज अधिकारीको १३औँ दिनको पुन्यतिथिमा आयोजित श्रद्धाञ्जलीसभामा उनले देश, समाज र पार्टीलाई योगदान गर्ने व्यक्तिलाई सबैले सम्मान गर्नुपर्ने उल्लेख गरे । स्वर्गीय अधिकारीजस्ता योद्धाको मेहनत र प्रयासबाट नेपाली कांग्रेस अहिलेको सुदृढ अवस्थासम्म आइपुगेको उपसभापति गुरुङले धारणा राखे । उनले त्याग, तपस्या र बलिदान गरी मुलुक परिवर्तनमा सक्रिय व्यक्तिलाई राज्य, समाज र पार्टीले न्यायोचित मूल्याङ्कन र व्यवस्थापन गर्नुपर्नेमा जोड दिएका छन ।

कांग्रेसका सहमहामन्त्री भीष्मराज आङ्दम्बेले हेमराज अधिकारी राजनीतिक प्रेरणाको स्रोत भएको बताउँदै उनको पृष्ठभूमिले आफूलाई राजनीतिमा सक्रिय हुने उत्साह भरेको उल्लेख गरे । कांग्रेस केन्द्रीय सदस्य पुष्पा भुसालले स्वर्गीय अधिकारीले कठिन राजनीतिक यात्रा तय गर्दै जनताको अधिकार र विकासलाई केन्द्रबिन्दु बनाएर लोकतान्त्रिक आन्दोलनमा जीवन समर्पण गर्नुभएको स्मरण गरे ।

कांग्रेसका केन्द्रीय सदस्य उमेशजङ्ग रायमाझीले बिपी कोइराला, किसुनजी, गणेशमान सिंह, गिरिजाप्रसाद कोइरालालगायत नेताहरूको सामिप्यतामा रहेर स्वर्गीय अधिकारीले पार्टीको सङ्गठन र सामाजिक आन्दोलनमा अतुलनीय योगदान पु¥याउनुभएको बताए ।

कांग्रेस भोजपुरका सभापति विनोद वान्तवा राई, नेपाल किसान महासङ्घका अध्यक्ष गणेशचन्द्र तिमल्सिना, नेपाल प्रजातन्त्र सेनानी सङ्घका महामन्त्री गोपाल गिरीलगायतले प्रजातन्त्र सेनानीका रूपमा अधिकारीले पुऱ्याउनुभएको योगदान अतुलनीय रहेको बताए ।

नेपाल प्रजातन्त्र सेनानी सङ्घका अध्यक्ष बालकृष्ण दाहालले प्रजातन्त्र सेनानीको सम्मानका लागि पार्टीले योजना बनाएर कार्यान्वयन गर्नुपर्नेमा जोड दिए । डा हेमाङ अधिकारीले स्वर्गीय अधिकारीले प्रजातान्त्रिक योद्धाका रूपमा सामाजिक जागरणमा महत्त्वपूर्ण योगदान दिएको बताएका छन । नेपाली कांग्रेसको सातौँ महाधिवेशन विसं २०१७ पश्चात् जननायक विश्वेश्वरप्रसाद कोइरालाको सभापतित्वकालमा उनले कांग्रेस केन्द्रीय कार्यसमितिको सदस्य थिए । अधिकारीले नेपालको लोकतान्त्रिक आन्दोलन र सङ्घर्षका क्रममा जेल जीवनसमेत व्यतित गरेका थिए । उनि कांग्रेसको भ्रातृ संस्था नेपाल प्रजातन्त्र सेनानी सङ्घको पूर्वमहासचिवसमेत थिए । रासस

# आत्महत्या, सडक दुर्घटना र विद्युतीय अपराधको प्रमुख कारक 'लागुऔषध': गृहमन्त्री लेखक

**काठमाडौँ ।**
गृहमन्त्री रमेश लेखकले आत्महत्या, सडक दुर्घटना र विद्युतीय अपराधको जड 'लागुऔषध' भएकाले त्यसको न्यूनीकरण तथा नियन्त्रणमा समग्र राष्ट्र एक हुनुपर्ने बताएका छन ।

लागुऔषध दुरुपयोग तथा अवैध ओसारपसारविरुद्धको अन्तरराष्ट्रिय दिवस मनाउने सन्दर्भमा आईतवार मन्त्रालयमा आयोजित कार्यक्रममा गृहमन्त्री लेखकले सरोकार भएका सबैको सहयोग र सहकार्यमा लागुऔषध न्यूनीकरण तथा नियन्त्रण गर्नुपर्ने बताए ।

मादकपदार्थ सेवनको जाँच हुनथालेपछि सवारी चालकले लागुपदार्थ प्रयोग गर्न थालेको दृष्टान्त प्रस्तुत गर्दै उनले भने, 'बर्सेनि ठूलो धनजनसहित मुलुकलाई अपूरणीय क्षति पु¥याउने प्रमुख भूमिकामा रहेको लागुपदार्थको ओसारपसार, भण्डारण र सेवनको अवस्थालाई दृष्टिगत गरी सम्बद्ध सरकारी तथा गैरसरकारी संस्था र नागरिक समाजका बीच सहयोग र सहकार्य हुन जरुरी छ ।'

लागुऔषध दुरुपयोग तथा अवैध ओसारपसार न्यूनीकरण तथा नियन्त्रणमा सबैभन्दा नजिक जोडिने अभिभावकसहित परिवारका सदस्य, विद्यालय परिवार र स्थानीय तहको विशेष ध्यान जान आवश्यक रहेको उल्लेख गर्दै गृहमन्त्री लेखकले यसअघि जस्तै यस वर्ष आगामी असार ६ देखि १२ गतेसम्म देशव्यापी रुपमा मनाउन लागेको सो दिवसलाई परिणाममुखी बनाउन सबैसँग अनुरोध गरे । रासस

# प्रधानमन्त्रीद्वारा अनेरास्ववियुको महाधिवेशन उद्घाटन

**काठमाडौँ ।**
अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) को २४आँ राष्ट्रिय महाधिवेशन आइतवार प्रारम्भ भएको छ ।

प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले उद्घाटन गर्नुभएको हो ।

महाधिवेशन आगामी तीनदिनसम्म जारी रहनेछ । त्यसअघि स्वागत मन्तव्य व्यक्त गर्दै सङ्गठनका अध्यक्ष समिक बडालले शैक्षिक समस्या समाधान गर्दै विकासको पथमा अग्रसर हुन महाधिवेशन फलदायी हुने विश्वास व्यक्त गरे ।

नेपाल विद्यार्थी सङ्घका सभापति डोजाङ शेर्पाले विद्यार्थी आन्दोलनका बारेमा उठेका नकारात्मक टिप्पणीको सामूहिक रुपमा प्रतिवाद गर्नुपर्ने बताए ।

राष्ट्रिय युवा सङ्घका अध्यक्ष क्षितिज थेवेले युवा र विद्यार्थी सङ्घसङ्गठनले युवाका विषयामा एकजुट हुनुपर्नेमा जोड दिए । अनेरास्ववियुकी पूर्वअध्यक्ष नवीना लामाले गणतन्त्र विरोधीहरुको सङ्गठनले प्रतिवाद गर्नुपर्छ भनिन ।रासस

# प्रजातन्त्र स्थापनामा योगदान गर्ने व्यक्तिको देशव्यापी प्रचार गर्नुपर्छः सभापति देउवा



**भक्तपुर ।**
नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले मुलुकमा प्रजातन्त्र स्थापनाका लागि योगदान पु¥याउने व्यक्तिहरुको योगदानलाई देशव्यापी रुपमा प्रचार गर्नुपर्ने बताएका छन ।

आईतवार भक्तपुरमा सहिद राधेश्याम जोन्छे स्मृति प्रतिष्ठानले आयोजना गरेको जोन्छेको १३औँ स्मृतिसभा एवं प्रतिष्ठानको नवनिर्मित भवन उद्घाटन तथा जोन्छेको शालिक अनावरण गर्दै उहाँले जोन्छेले प्रजातन्त्र प्राप्तिका लागि ठूलो योगदान दिएको चर्चा गरे ।

सभापति देउवाले प्रजातन्त्र स्थापनामा योगदान दिने जोन्छेलगायतका व्यक्तिको जीवनीबारे थप विषय खोज्दै पुस्तक प्रकाशित गरी प्रचारप्रचार गर्नुपर्नेमा जोड दिए । उनले भने, 'जोन्छे लोकप्रिय नेता हुनुहुन्थ्यो, देशमा प्रजातन्त्र ल्याउने अग्रसर लडाकु पनि हुनुहुन्थ्यो, उहाँ लोकप्रिय भएकै कारण माओवादीले गोली हान्यो ।

कार्यक्रममा पूर्वमन्त्री विमलेन्द्र निधिले अहिले संसद् चल्न दिने कि नदिने भन्ने निर्णय माओवादी केन्द्रको हातमा रहेको बताए ।

संसद् अवरुद्ध गर्ने समय अहिले नभएको उल्लेख गर्दै उनले भने, 'अहिले संसद् अवरुद्ध छ, भिजिट भिसा प्रकरणमा छानबिन हुँदैछ ।'

त्यस अवसरमा जोन्छेको स्मृतिमा प्रतिष्ठान भवन निर्माण गर्न सहयोग गर्ने सूर्यविनायक नगरपालिका र नगरप्रमुख वासुदेव थापासहित विभिन्न व्यक्तिलाई सम्मान तथा विभिन्न विद्यालयका विद्यार्थीलाई छात्रवृत्ति रकम प्रदान गरिएको थियो ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य मदनकृष्ण श्रेष्ठ, नेपाली कांग्रेस भक्तपुर जिल्ला सभापति एवं प्रतिनिधिसभा सांसद दुर्लभ थापाले जोन्छेको योगदानलाई पार्टीले भुल्न नहुने चर्चा गरे ।

प्रतिष्ठानका अध्यक्ष एवं जोन्छेकी श्रीमती रजनी जोन्छे, प्रतिष्ठानका उपाध्यक्ष बाबुराजा जोशीलगायतले भवन निर्माणमा एक करोड १० लाख रुपैयाँ खर्च भएको, सूर्यविनायक नगरपालिकाले पटक–पटक गरी ४० लाख रुपैयाँ सहयोग गरेको, विभिन्न मन्त्रालयबाट रकम प्राप्त भएको र दाताहरुले समेत सहयोग गरेको बताए । रासस

# प्रदेश सरकारले भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता अपनाएको छ'

**कैलाली**
**जेठ ।**
सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले आगामी आर्थिक वर्षको बजेटलाई बढीभन्दा बढी प्रभावकारी बनाउन प्रदेश सरकार लागेको बताउनुभएको छ ।

आज धनगढीस्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा उहाँले सो कुरा बताउनुभयो । मुख्यमन्त्री शाहले विशेषगरी भ्रष्टाचारका विषयमा प्रश्न नउठ्ने मान्यताका आधारमा बजेट निर्माणमा जुटेको उल्लेख गर्नुभयो ।



उहाँले बजेट निर्माणका क्रममा गतल मनसाय र उद्देश्यले संवाद गर्नेलाई कानुनी कारबाही गरिने बताउनुभयो । शून्य सहनशिलताको नीति लिएको प्रदेश सरकारलाई यस्ता किसिमको वातावरण क्षम्य नहुने उहाँको भनाइ छ ।

मुख्यमन्त्री शाहले सुदूरपश्चिम प्रदेश सरकारले भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरी सुशासन, जनमुखी र जनउत्तरदायी शासन प्रणालीमार्फत विकास र समृद्धिप्रति दृढ प्रतिबद्धता व्यक्त गर्नुभयो । प्रदेशको समग्र विकास, समृद्धि, सुशासन प्रवद्र्धन, भ्रष्टाचार नियन्त्रण, योजना छनोट तथा बजेट विनियोजनका सन्दर्भमा अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा प्रदेश सरकारले घोषणा गरेका चार बुँदे प्रतिबद्धतालाई यस आर्थिक वर्ष २०८२/८३ को बजेटमार्फत सोही बुँदालाई निरन्तरता दिई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने प्रतिबद्ध रहेको उल्लेख गर्नुभयो ।प्रदेश सरकारले कार्यान्वयन गर्ने योजना तथा कार्यक्रमका लागि न्यूनतम रु २५ लाखभन्दा माथिको बजेट सिलिङ कायम गरी बजेट विनियोजन गर्ने, यदि २५ लाखभन्दा कम बजेट विनियोजन गर्नुपर्ने अवस्था आएमा कार्य योजनासहित सशर्त अनुदानको रूपमा स्थानीय तहलाई वित्तीय हस्तान्तरण गर्ने, प्रदेश सरकारले व्यक्ति, समूह, संस्था, निजी फर्म, कम्पनी वा सहकारी संस्थालाई तोकेर बजेट विनियोजन नगर्ने र प्रदेश सरकारबाट कार्यान्वयन हुने कुनै पनि योजना उपभोक्ता समितिमार्फत कार्यान्वयन नगरिने विषय रहेको रहेको उहाँको भनाइ छ ।

# बजेट अभावले पुल निर्माणको काम प्रभावित



**कञ्चनपुर ।**
बजेट अभावले कञ्चनपुरमा दुईवटा पुल निर्माणको काम प्रभावित भएको छ ।
कृष्णपुर नगरपालिका र लालझाडी गाउँपालिका भुली–पर्सिया जोड्ने दोदा नदीको पुल र बेदकोट नगरपालिका–७ स्थित मुसेपानी खोला पुलको काम बजेट अभावले प्रभावित बनेको महेन्द्रनगरस्थित सडक डिभिजन कार्यालयका सूचना अधिकारि इन्जिनियर हरिशप्रसाद जोशीले जानकारी दिए ।
दोदा नदीमा पुल निर्माणका लागि २०७२ पुसमा लुम्बिनी राजेन्द्रकुमार श्रेष्ठ जेभीसँग रु २४ करोड २२ लाख ५७ हजारमा ठेक्का सम्झौता भएको थियो । सम्झौताअनुसार पुल निर्माणको काम २०७५ पुससम्म सम्पन्न गर्नुपर्ने भए पनि सम्झौता भएको नौ वर्षपछि पुल निर्माण हुन लागेको छ । 'पुल निर्माणको काम ७५ प्रतिशत सम्पन्न भएको छ', सूचना अधिकारी जोशीले भने, 'बजेट अभावले काम प्रभावित भएको छ, हामीले रु १० करोड बजेट माग गरेका छौँ ।'
त्यसैगरी मुसेपानी खोला पुलमा बजेट नहुँदा पहुँचमार्ग निर्माण हुनसकेको छैन । पुल निर्माणको ९२ प्रतिशत काम सम्पन्न भए पनि बजेट अभावले पहुँचमार्ग निर्माण हुन नसकेको सूचना अधिकारी जोशीले बताए । उनका अनुसार २०७४ साल जेठ १० गते १५ करोड ४३ लाख रुपैयाँ मा राजेन्द्र लुम्बिनी जेभीसँग २०७७ जेठ १० मा निर्माण सम्पन्न गर्नेगरी ठेक्का सम्झौता भएको थियो ।
समयमा पुल निर्माण हुन नसक्दा पाँचपटक म्याद थप भएर २०८१ पुसभित्र सम्पन्न गरिसक्नुपर्ने समयावधि भए पनि बजेट अभावले निर्माण सम्पन्न हुन नसकेको हो । पुलको बाँकि काम सम्पन्न गर्नका लागि चार करोड रुपैयाँ बजेट माग गरिएको सूचना अधिकारी जोशीले बताए ।रासस

# जब मस्कले ह्वाइट हाउसमा अनुमति बिना नै स्टारलिंकको वाईफाई जोडिदिए...




**वासिंगटन डिसी ।**
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र अर्बपति मस्कबीचको सम्बन्धमा तिक्तता आएपछि ह्वाइट हाउसलाई लिएर ठूलो खुलासा भएको छ ।
वाशिंगटन पोस्टले स्रोतलाई उद्धृत गर्दै लेखेको छ कि जब मस्कले फेब्रुअरीमा ट्रम्पसँग मित्रता गरिरहेका थिए, त्यतिबेला स्याटेलाइट इन्टरनेट उपलब्ध गराउने उद्यमी कम्पनी स्टारलिंकले ह्वाइट हाउसमा यस्तो काम गरिरहेको थियो कि जुन कसैले कल्पना गर्न सक्दैनन् । खासमा मस्कको कम्पनीका मानिसहरूले ह्वाइट हाउसको छतमा चढेर स्टारलिंकको वाइफाइ स्थापना गरिदिए, त्यो पनि अनुमति बिना नै । कम्पनीले ह्वाइट हाउसको सुरक्षासँग सम्बन्धित कुनै प्रोटोकल पालना गरेको थिएन, जबकी उनीहरूलाई चेतावनी पनि दिइएको थियो। आज पनि यो वाइफाइ ह्वाइट हाउसमा रहेको छ ।
अमेरिकाको राजधानी वासिङ्टनमा फेब्रुअरीको चिसो बिहान ह्वाइट हाउसका अधिकारीहरू आफ्नो दैनिक काममा व्यस्त हुँदा एक अनौठो दृश्यले सुरक्षा व्यवस्थालाई स्तब्ध बनाएको थियो । केही व्यक्तिहरू कुनै पूर्व सूचना बिना ह्वाइट हाउसको आइसेनहावर कार्यकारी कार्यालय भवनको छतमा चढेको देखियो। उनीहरू कुनै साधारण कम्पनीका कर्मचारी नभई मस्कको स्याटेलाइट इन्टरनेट सेवा कम्पनी स्टारलिंकका कर्मचारी थिए । केही समयपछि ह्वाइट हाउसका कर्मचारी र पाहुनाहरूको मोबाइलमा "स्टारलिङ्क गेस्ट" नामको नयाँ वाइफाइ नेटवर्क पनि देखा प¥यो, जसले पासवर्ड मात्र सोधेको थियो।
यो वाइफाइमा न त प्रयोगकर्ता नाम थियो न त कुनै दुई कारक प्रमाणीकरण। यो घटनाले अमेरिकी सुरक्षा निकायमा तनाव सिर्जना गरिदियो । वासिङ्टन पोस्टले यो खुलासा गरेको छ । यो दावी गरिएको थियो कि ह्वाइट हाउस संचार टोलीले पहिले नै स्टारलिंकलाई सुरक्षा दृष्टिकोणबाट जोखिमपूर्ण रूपमा वर्णन गरेको थियो। तर यसका बाबजुद पनि ट्रम्प प्रशासन र डिओएजीइ अधिकारीहरूले यी चेतावनीहरूलाई सिधै अस्वीकार गरेका थिए। यति मात्र होइन, मस्क र ट्रम्पबीचको मित्रताका बेला सरकारी ठेक्का पनि स्टारलिङ्कलाई बिना कुनै हिचकिचाहट दिइयो ।
अहिले अवस्था फेरिएको छ । हालै, मस्क र ट्रम्प बीचको सम्बन्ध चिसिएको छ र अब यो भनिएको छ कि स्टारलिंकसहित मस्कका धेरै सरकारी सम्झौताहरू बर्बाद हुन सक्छन्। रिपोर्टमा यो पनि भनिएको छ कि ह्वाइट हाउस आगन्तुकहरूको फोनमा स्टारलिंकको नेटवर्क अझै पनि देखिन्छ।
यसको मतलब सुरक्षा जोखिम अझै समाप्त भएको छैन। यो सम्पूर्ण मामिलाले ट्रम्प प्रशासनको कार्यशैली र निर्णय गर्ने शैलीमा फेरि प्रश्न खडा गरेको छ । मस्कजस्ता टेक अर्बपतिले फ्री एक्सेस पाउनु प्राविधिक गल्ती मात्र होइन, बरु, यो अमेरिकाको राष्ट्रिय सुरक्षाको लागि ठूलो 'रातो झण्डा' हो।
अब मस्क र ट्रम्प आमनेसामने भएकाले यो विवादले राजनीतिक आँधी आउन सक्छ ।एजेन्सी

# घरेलु श्रमिक अधिकारबाट वञ्चित

**काठमाडौँ ।**
सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्यमार्फत मर्यादित श्रमअभ्यास, असल श्रम सम्बन्ध र उत्पादकत्व अभिवृद्धि गर्दै श्रमिकको हकहितको सुरक्षा गरिने प्रतिबद्धता व्यक्त गरेको छ । बालश्रम, लैङ्गिक हिंसा, यौन दुर्व्यवहारजस्ता कार्य अन्त्य गर्न पारिवारिक तथा साािजिक जागरणका कार्यक्रम सञ्चालन गर्ने सरकारको उद्घोष छ । सरकारले यसो भनिरहँदा घरेलु बालश्रम, लैङ्गिक हिंसा र बेरोजगार युवाका समस्या भने चुनौतीपूर्ण देखिएका छन् ।
बाल क्लबका पूर्वसदस्यद्वारा किशोर–किशोरीका क्षेत्रमा कार्यरत गैरसरकारी संस्था युवालयका अनुसार ९० प्रतिशत घरेलु कामदार महिला छन् भने महिला अधिकार र श्रमको सम्मान हुन सकेको छैन । युवालयका प्रशिक्षक शर्मिला थापाका अनुसार श्रम ऐन, २०७४ ले घरेलु कामलाई श्रमका रूपमा सम्बोधन गर्दै सबै प्रकारका कामलाई औपचारिक रूपमा परिभाषित गरेको छ ।
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीयस्तरमा घरेलु कामदारलाई दर्ता गर्ने अधिकार र जिम्मेवारी स्थानीय तहलाई दिएको छ । ऐनमा स्थानीय सरकारलाई रोजगारी प्रवद्र्धन गर्ने, रोजगारी सृजना गर्ने र कामदारको अधिकारको संरक्षण गर्ने सुनिश्चित गरेको छ । ढिलै भए पनि काठमाडौँको बूढानीलकण्ठ नगरपालिकाले भने घरेलु कामदारको तथ्याङ्क सङ्कलन गर्ने कार्य प्रारम्भ गरेको छ ।
युवालयका कार्यकारी निर्देशक सञ्जीव अधिकारी घरेलु कामदारका लागि निश्चित ज्याला÷तलब नतोकिँदा उनीहरू मारमा पर्दै आएका बताउछन । कतिपय त्यस्ता श्रमिकसँग घरेलु उपकरण सञ्चालन गर्ने सीप र क्षमता न्यून हुँदा पारिश्रमिक, व्यावसायिक स्वास्थ्य र सुरक्षा झन् कमजोर बनेको उनको बुझाइ छ ।
युवालयका अनुसार मुलुकमा करिब दुई लाखको सङ्ख्यामा बालश्रमिक तथा घरेलु कामदार भएको अनुमान गरिएको छ । उक्त संस्थाले सरकारी नीति तथा कार्यक्रमलाई व्यावहारिक रुपमा कार्यान्वयन गर्ने सिलसिलामा लक्षित वर्ग र समुदायलाई सचेतना, परामर्श र दक्षता अभिवृद्धिमार्फत आत्मनिर्भर बनाउने प्रयास गरिरहेको छ ।
राष्ट्रिय महिला आयोगका अध्यक्ष कमला पराजुली आर्थिक आयआर्जनसँग जोडिएको काममा पुरुषले अग्रसरता लिने भएकै कारण महिलाहरू 'अनपेड जब'मै सीमित हुनुपरेको बताउनुहुन्छ । विश्वभर दैनिक १६ अर्ब घण्टाभन्दा बढी बेतलबी घरेलु काममा योगदान गरिने विभिन्न अध्ययनले देखाएका छन् । अन्तरराष्ट्रिय श्रम सङ्गठन (आइएलओ)ले सन् २०२३ मा गरेको एक अध्ययनअनुसार कुल बेतलबी हेरचाह र घरेलु कामको ७६ प्रतिशत महिला र युवतीहरू छन् ।
राष्ट्रिय जनगणना, २०७८ ले बेतलबी हेरचाह कार्य र राष्ट्रिय अर्थतन्त्रमा महिलाको योगदानका बारेमा जानकारी सङ्कलन गर्न प्रश्न समावेश गरेको थियो । घरेलु महिला कामदार तथा बेतलबी महिला हेरचाहको अवस्थाबारे विभिन्न अध्ययन र अनुसन्धान गरी सत्यतथ्य उजागर गर्दै सो समस्या समाधानका लागि सरकारको ध्यानाकर्षण गराउन उक्त संस्था क्रियाशील छ ।
त्यस्ता श्रमिकले के–कस्ता चुनौती र अवरोध सामना गरिरहेका छन्, त्यसको यथार्थ खोजी गर्दै आवश्यक नीतिनियम निर्माणका लागि तीन तहकै सरकारलाई राय परामर्श दिइरहेको युवालयका कार्यक्रम संयोजक प्रज्ज्वल ओलीले जानकारी दिनुभयो । घरेलु श्रमिकसम्बन्धी तथ्य तथ्याङ्कलाई चुस्त दुरुस्त तुल्याउन परिचयपत्र, न्यूनतम पारिश्रमिक, कार्यविधि र स्थानीय तहले श्रम 'डेक्स' खडा गर्नु उपयुक्त हुने सो संस्थाको सुझाव छ । चौथो अङ्गका रूपमा रहेको मिडियालाई आवाजविहीनको आवाज भनिए पनि अनलाइन हुन् वा छापा माध्यममा आवाज दिनेका मात्र आवाज समेटिएका छन् । अझै पनि पहुँच नभएका युवाका कथा र घरेलु कामदारका मुद्दाले प्राथमिकता पाउन सकेको छैन ।
घरेलु कामको आयआर्जन वृद्धि गरी जीविकोपार्जनका लागि रणनीति योजना बनाउन पनि युवालयले सहयोग पुर्याइरहेको छ । उनीहरुको आवाज बुलन्द गर्न सघाउ पुर्याउने हेतुले नीतिगत संरचना, निर्णयअभ्यास र स्रोत व्यवस्थापनको खोजी र अनुसन्धानमा पनि संस्था क्रियाशील छ । घरेलु श्रमिकले पाउने तलब, बिदा, क्षमता अभिवृद्धि र मनोरञ्जनको पाटोमा स्थानीय तहले आवश्यक ध्यान पुर्याउन नसक्दा त्यस्ता प्रभावित अझ मारमा पर्दै आएका छन् । उनीहरूका क्षणक्षणमै मानवअधिकार हुनन हुन पुगेको छ ।
प्रतिनिधिसभा, म्हिला, बालबालिका तथा समाज कल्याण समितिका सभापति किरण साह राष्ट्रलाई समृद्ध बनाउन महिला अधिकारको सम्मान हुनुपर्ने धारणा राखेका छन । उनि भभन्छन, 'समानता र राजनीतिक अग्राधिकार सबैमा शिक्षा दिई जबसम्म राज्यको दायित्वभित्र महिलालाई ५० प्रतिशत अधिकार दिलाउन सकिन्न, तबसम्म राष्ट्र समृद्ध हुन सक्दैन ।'
श्रम ऐनले घरेलु श्रमिकले वार्षिक १२ दिन बिदा पाउने व्यवस्था गरेको भए पनि उनीहरुले आफूले चाहेको बेला र चाडपर्वमा बिदा नपाउने अवस्था छ । विभिन्न समस्या कानुनी शिक्षा नहुनु, लामो समयसम्म काम गर्नुपर्ने, स्थानीय सरकारले घरेलु श्रमिकलाई औपचारिक रूपमा दर्ता गर्ने जिम्मेवारी पाएको छ ।
कानुनले श्रमिकको परिचय, दर्ता, अनुगमन, सामाजिक सुरक्षाको सुनिश्चितता र प्रोत्साहन, बिमा, समाजिक सुरक्षा भत्ताको व्यवस्था स्थानीय तहले मिलाउनुपर्ने व्यवस्था छ ।
घरमुलीबाट घरेलु महिला श्रमिक यौन शोषण र कुटपिट तथा यातनामा पर्ने गरेको घटना सार्वजनिक भइरहन्छन् । घरेलु कामदारको आधारभूत मानवअधिकारको पनि ख्याल नगरेको देखिन्छ । सरकारले मानव बेचबिखन र ओसारपासारको जोखिम नियन्त्रण गर्न सूचना सङ्कलनलगायत महिलाविरुद्ध हुने सबै प्रकारका हिंसा र उत्पीडनप्रति शून्य सहनशीलताको नीति अपनाइरहेको भनिरहँदा कतिपय महिला श्रमिक आधारभूत मानवअधिकारलगायत सुविधाबाट वञ्चितीकरणमा परिरहेको गुनासो गर्छन् ।
त्यसो त सरकारले नेपालीलाई जीवनक्रममा आधारित साािजिक सुरक्षा प्रणालीमा आबद्ध गराउने नीति अघि सारेको घोषणा गरेको छ । युवा सरोकार, बालश्रमिक, घरेलु बालबालिका र लैङ्गिक हिंसाका घटना न्यूनीकरण गर्न यस क्षेत्रका लागि उठाइने विषयवस्तुमा हुने लगानीले दिगो प्रतिफल दिने संस्थाका पूर्वअध्यक्ष सन्तोष महर्जन बताउउछन ।
सरकारले पनि युवा जनशक्तिलाई आत्मअनुशासन र सेवाभावका साथ राष्ट्र निर्माणमा परिचालित हुन अभिप्रेरित गर्ने तथा आर्थिक, सामाजिक विकास र सेवा प्रवाहमा युवाको योगदान वृद्धि गर्ने घोषणा गरेको छ । युवालयले दैलेख र बैतडीका विभिन्न चार पालिकामा लैङ्गिक समानता र समाजिक समावेशीकरण, लैङ्गिकतामा आधारित हिंसा, यौन स्वास्थ्य तथा प्रजनन अधिकार, प्राविधिक तथा वित्तीय अवसर दिलाउने कार्यमा सहजीकरण गरिरहेको संस्थाका अध्यक्ष धर्मराज रिमालले बताए ।
सरकारले बजेट तथा नीति र कार्यक्रममार्फत बेरोजगारी समस्या दिगो रूपमा समाधान गर्न श्रम बजारको मागअनुरुप युवा जनशक्तिको सीप र दक्षता विकास गरिने प्रतिबद्धता जनाएको छ । सरकारले नियमित आयआर्जन गर्नेलाई योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा समेट्ने तथा महिलाको शैक्षिक तथा आर्थिक अवस्थामा सुधार गरी आत्मविश्वास र स्वाभिमान अभिवृद्धि गर्न कोसिस गरिरहेको छ ।
रोजगारदाता र घरेलु कामदारबीच औपचारिक सम्झौता नहुँदा पनि श्रमिक ज्यालामा ठगिन बाध्य छन् । सरोकारवालाले घरेलु श्रमिकको अधिकार स्थापित गर्न श्रम शिक्षा, ट्रेड युनियनहरू र स्वसहायता समूहको भूमिका बढाउने, सामाजिक सुरक्षा र उनीहरूलाई सङ्गठित गर्नुपर्ने आवश्यकतामा जोड दिँदै आएका छन् ।रासस

# मदन भण्डारी कपको उपाधि बस्नेत र न्यौपानेलाई

**कर्णाली ।**
कर्णाली प्रदेशको राजधानी सुर्खेत वीरेन्द्रनगरमा शनिबार सम्पन्न राष्ट्रियस्तरको खुला महिला–पुरुष १० किलोमिटर 'मदन भण्डारी कप सडक दौड प्रतियोगिता २०८२'को उपाधि रामजी बस्नेत र पूर्णलक्ष्मी न्यौपानेले जितेका छन् ।
मदन भण्डारी स्पोर्टस् एकेडेमीद्वारा आयोजित प्रतियोगितामा प्रथम हुने बस्नेत र न्यौपानेले जनही रु ५०–५० हजार नगद पुरस्कार प्राप्त गरे । प्रतियोगिताका विजयी खेलाडीलाई वीरेन्द्रनगर नगरपालिकाका प्रमुख मोहनमाया ढकालले पुरस्कार प्रदान गरिन् । पुरुषतर्फ बस्नेतले ३१ मिनेट ३२ सेकेन्डमा निर्धारित दूरी पार गरे भने महिलातर्फ न्यौपानेले ३७ मिनेट ४२ सेकेन्डमा निर्धारित दूरी पूरा गरिन् ।
त्यसैगरी, पुरुषतर्फ दोस्रो हुने नरेन्द्रसिंह रावतले ३१ मिनेट ३८ सेकेन्ड, तेस्रो हुने मिङमार सिङ्गी तामाङले ३१ मिनेट ५७ सेकेन्ड, चौथो हुने कर्णबहादुर रोका मगरले ३२ मिनेट सात सेकेन्ड र पाँचौँ स्थान हासिल गर्ने युवकराज बुढाले ३३ मिनेट २६ सेकेन्डमा उक्त दूरी पार गरे । महिलातर्फ दोस्रो हुने दीपा परियारले ३७ मिनेट ५३ सेकेन्ड, तेस्रो हुने सिर्जना पाण्डेले ३८ मिनेट २७ सेकेन्ड, चौथो हुने आशा रावतले ३९ मिनेट ५३ सेकेन्ड र पाँचौँ हुने राज्यलक्ष्मी रावतले ४० मिनेट २० सेकेन्डमा निर्धारित दुरी पार गरिन् । प्रतियोगितामा महिला–पुरुषतर्फ दोस्रो, तेस्रो, चौथो र पाँचौँ स्थान प्राप्त गर्नेलाई क्रमशः रु ३० हजार, रु २० हजार, रु १५ हजार र रु १० हजार नगद पुरस्कार प्रदान गरिएको एकेडेमीका उपाध्यक्ष



तथा कार्यक्रम संयोजक तेजविक्रम बस्नेतले जानकारी दिए ।
त्यसैगरी अठार वर्षमुनिका विद्यालयस्तरीय बालबालिका सम्मिलित पाँच किलोमिटर दौड प्रतियोगिताको पुरुषतर्फ पहिलो रमेश बुढा, दोस्रो पुरण सिंह, तेस्रो रमेश शाही, चौथो भूपेन्द्र कँडेल र पाँचौँ हेमन्त नेपालीलाई क्रमशः रु २० हजार, रु १५ हजार, रु १० हजार, रु ५ हजार र रु ३ हजार नगद पुरस्कार प्रदान गरियो ।
अठार वर्षमुनिका महिलातर्फ प्रथम हुने कल्पना बुढा, दोस्रो सन्देला बुढा, तेस्रो निरुता ढकाल, चौथो सृष्टि जोशी र पाँचौँ स्थान हासिल गर्ने निर्मलाकुमारी खड्कालाई क्रमशः रु २० हजार, रु १५ हजार, रु १० हजार, रु ५ हजार र रु ३ हजार नगद पुरस्कार प्रदान गरिएको थियो । 'सबैका लागि खेल' नारासहित खेलकुदको प्रवद्र्धन र खेलाडीको प्रतिभा उजागर गर्ने उद्देश्यले उक्त प्रतियोगिता आयोजना गरिएको आयोजकले जनाएको छ ।रासस

# राज्यको चौथो अङ्गमा महिलाको पहुँच र भूमिका अझै न्यून: पूर्वराष्ट्रपति भण्डारी

**झापा ।**
पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले राज्यको चौथो अङ्गको रूपमा रहेको आमसञ्चार क्षेत्रमा महिलाको पहुँच र भूमिका अझै न्यून रहेको बताएका छन ।
नारी सञ्चार गृह झापाद्वारा आईतवार विर्तामोडमा आयोजित अक्षयकोष घोषणा, पुस्तक विमोचन र दाता सम्मान कार्यकमलाई सम्बोधन गर्दै पूर्वराष्ट्रपतिले आमसञ्चार जगतमा महिला सहभागिता क्रमशः विस्तार हुँदै आए पनि सङ्ख्यात्मक दृष्टिले महिलाको उपस्थिति अझै न्यून रहेको बताए । उनले समाचार सम्पादन, निर्णय र नीतिनिर्माणको तहमा महिलाको पहुँच र भूमिका सीमित रहेकामा चिन्ता व्यक्त गर्दै सञ्चारमाध्यमको नेतृत्व तहमा पनि यो सङ्ख्या न्यून रहेको बताए ।
जनसङ्ख्याको आधा हिस्सा ओगटेका महिलासँग सम्बन्धित विषय सञ्चारमाध्यममा प्रभावकारी रूपमा उठाउन महिला पत्रकारको भूमिका महत्त्वपूर्ण रहने उनको भनाइ थियो । 'महिला आफैँले प्रत्यक्ष रूपमा अनुभव गरेका, नजिकबाट देखेका र जीवनका विभिन्न चरणमा भोगेका मुद्दामा महिला पत्रकारद्वारा नै तयार गरिने सामग्रीमा थप सम्वेदनशीलता, आफ्नो पहिचान र यथार्थ समेटिएको हुन्छ', पूर्वराष्ट्रपति भण्डारीले भने ।
चुनौतिपूर्ण परिवेशका बावजुद पनि महिला पत्रकारले देखाएको पेशागत दृढता, आत्मबल तथा सामाजिक परिवर्तनप्रतिको लगाव र प्रतिवद्धता प्रशंसनीय रहेको उनले बताए ।
पूर्वराष्ट्रपति भण्डारीले सोही अवसरमा नारी सञ्चार गृह झापाको अक्षयकोषमा सहयोग पुर्याउनु हुने दातालाई सम्मानपत्र प्रदान गरे । साथै सो संस्थाद्वारा प्रकाशित 'सञ्चारमा नारी' पुस्तकको विमोचन समेत गरे । पत्रकार महिलाको साझा संस्था नारी सञ्चार गृहले आफ्नो अक्षयकोषमा ५० लाख रुपैयाँ पुर्याएको अध्यक्ष रेजिना गौतमले जानकारी दिए ।रासस

# बुर्तिबाङलाई नयाँ शहर बनाउने कार्य सुस्त गतिमा



**बागलुङ ।**
राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्गमा दश नमूना सहर बनाउने सरकारको आयोजनाअनुसार बागलुङको बुर्तिबाङमा पनि काम भइरहेको छ । बुर्तिबाङलाई नयाँ सहर बनाउन २०६९ सालमा घोषणा गरिएको थियो । आर्थिक वर्ष २०७२/७३ मा सरकारले बजेट विनियोजन नै गरेर काम अगाडि बढाएको थियो । आयोजनाको काम सुरु भएको १२ वर्षसम्म पनि अपेक्षाकृत रूपमा काम हुनसकेको छैन । २०६९ साल अगाडि नै बुर्तिबाङमा बजारको रूपमा स्थापित थियो ।

त्यसलाई थप व्यवस्थित गर्दै जाने भनिए पनि पर्याप्त बजेट नआउँदा र आएको सबै बजेटलाई पूर्ण रूपमा कार्यान्वयन गर्न नसक्दा काममा ढिलासुस्ती भएको देखिन्छ । विसं २०६९ देखि २०९० सम्म आयोजनाको काम सम्पन्न गर्ने लक्ष्य थियो । आयोजान सुरु भएदेखि हालसम्म रु ७८ करोड बढी रकम सरकारले विनियोजन गरेको छ । त्यसमध्ये रु ५० करोडमात्र खर्च भएको छ । नयाँ सहर आयोजनाले अझै थुप्रै पूर्वाधारका क्षेत्रमा काम गर्न बाँकी नै छ ।

आयोजनाले हालसम्म १६ दशमलव तीन किलोमिटर सडक ढलान, छ दशमलव तीन किलोमिटर नाला निर्माण, पाँच किलोमिटर नयाँ सडक ट्र्याक निर्माण, एउटा सभाहल, कुतथ्याप्लामा एकीकृत भवन, मनोरञ्जन पार्क निर्माण, दुई ७२ स्थानमा सौर्यबत्ती जडान, ५६ रोपनी जग्गा खरिद गरेको आयोजना कार्यालय सूचना अधिकारी कोमल शाहले जानकारी दिए । अहिले बसपार्क र टर्मिनल भवन निर्माणको भइरहेको उहाँको भनाइ छ । विनियोजित रकम खर्चका आधारमा पाँच प्रतिशतमात्र काम भएको उनले बताए ।

हाल तारीखेतबाट कुत्थ्याप्ला पहुँचमार्ग, पार्क निर्माण, कर्वडहलबाट दुलेसम्मको सडक र भब्रेटामा खेलकुद मैदान निर्माण भइरहेको छ । बुर्तिबाङ बजार जिल्लाको दोस्रो ठूलो व्यापारिक केन्द्र र नेपालको एकमात्र सिकार आरक्ष ढोरपाटनको प्रवेशद्वार हो । बजार क्षेत्रमा सवारी चाप बढ्दै गए पनि सडकको अवस्था पुरानै छ । नयाँ सहरका रूपमा निर्दृष्ट क्षेत्रमा कालोपत्र सडक निर्माण, व्यवस्थित विद्युतीकरण, खानेपानी, ढल निकासीलगायतको प्रबन्ध, उद्यान, खेलमैदान, मनोरञ्जनस्थल, हाटबजारलगायत पूर्वधार निर्माण हुनुपर्ने भए पनि अझै धेरै काम गर्न बाँकी रहेको सूचना अधिकारी शाह बताउछन ।

यो आयोजानाका लागि रु एक अर्ब समेत विनियोजन भएको छैन । सरकारले हालसम्म आव २०७२/७३ मा चार करोड ४७ लाख रुपैयाँ, आव २०७३/७४ मा आठ करोड २२ लाख रुपैयाँ, आव २०७४/७५ मा १६ करोड ४० लाख रुपैयाँ, आव २०७५/७६ मा १३ करोड छ हजार रुपैयाँ, आव २०७६/७७ मा सात करोड ५७ लाख रुपैयाँ, आव २०७७/७८ मा छ करोड ७३ लाख रुपैयाँ, आव २०७८÷७९ मा १२ करोड छ लाख रुपैयाँ, आव २०७९/८० मा १८ करोड ३३ लाख रुपैयाँ, आव २०८०/८१ मा सात करोड ३३ लाख रुपैयाँ तथा चालु आवमा नौ करोड ९५ लाख रुपैयाँ विनियोजन भएको थियो ।

हरेक वर्ष बजेटको आकार घटबढ हुँदा लक्ष्यअनुसार काम गर्न नसकेको नयाँ सहर आयोजना कार्यालयले जनाएको छ । बर्सेनि करोडौँको बजेट नयाँ सहरका लागि आए पनि सोचेअनुसारको काम नभएको स्थानीय कुलमबहादुर घर्तीले बताए । आयोजना कार्यालयले फाट्टफुट्ट कम गरे पनि देखिने गरी नभएको उनको भनाइ छ । आम नागरिकले बढी प्रयोग गर्ने सडक, खानेपानी र बसपार्क भएको भन्दै ती कुनै पनि पूर्वाधार व्यवस्थित नभएको घर्तीले सुनाए ।

उनले भने, '१०–१२ वर्ष भयो यो नयाँ सहरको काम सुरु भएको तर अहिलेसम्म गतिलो संरचना बनेको देखिँदैन, बुर्तिबाङ बजारमा अहिले पनि पहिलेकै साँघुरो सडक छ, ओहोरदोहोर गर्न गाह्रो छ, साँघुरो सडकमा जोखिम मोलेर यात्री हिँड्छन्, फोहर व्यवस्थापन पनि हुनसकेको छैन, काम गरेपछि त केही फरकपन हुनुपर्ने हो, तर खासै केही परिवर्तन भएको छैन ।' अझै चुरेलावासमा पुल, खेलमैदान, सडक, हाटबजार, शीतभण्डार निर्माणलगायतका संरचना निर्माण गर्न बाँकी रहेको नयाँ सहर आयोजना कार्यालयले जनाएको छ ।रासस

# तीनै तहका सरकार आर्थिक अनुशासनमा बस्न जरुरी छ

# अनावश्यक खर्च गर्नु हुँदैनः डा प्रकाशशरण महत

काठमाडौँ ।
नेपाल विद्यार्थी सङ्घबाट राजनीतिक यात्रा सुरु गरेका नेपाली कांग्रेसका नेता तथा प्रतिनिधिसभा सदस्य डा प्रकाशशरण महत महतले संयुक्त राज्य अमेरिकाबाट अर्थशास्त्रमा विद्यावारिधि गरेका छन ।

विसं २०१६ कात्तिक १९ गते नुवाकोटको पञ्चकन्या गाउँपालिका–२ कविलासमा जन्मएका पूर्वपरराष्ट्रमन्त्री डा महत २०३६ सालको विद्यार्थी आन्दोलन र २०३७ सालको जनमत सङ्ग्रहमा सक्रिय भूमिकामा थिए । पूर्वअर्थमन्त्रीसमेत रहेका उनि २०५९ सालदेखि निरन्तर पार्टी केन्द्रीय सदस्य छन ।विसं २०६३ को अन्तरिम व्यवस्थापिका संसद् सदस्य, २०७० सालदेखि २०७४ सम्म संविधानसभा सदस्य रहनुभएका पूर्वऊर्जामन्त्री डा महतसँग राससका समाचारदाता सुशील दर्नालले मुलुकको बजेट निर्माण प्रक्रिया, अर्थतन्त्र, राजनीतिक, संसदीय अभ्यास, निर्वाचन प्रणाली, संविधान संशोधनलगायत विषयमा लिएको अन्तर्वार्ताको सम्पादित अंश ः

प्रतिनिधिसभाको अनुभव कस्तो भइरहेको छ ?

म सङ्घीय संसद्को सदस्य छु । अहिलेसम्मका अनुभव राम्रै छन् । संसद् विविध कारणले बेलाबेलामा अवरोध पनि हुने गरेको छ । यो अवरोध हुने कुरा संसदीय अभ्यासमा रोक्न नसकिने वास्तविकता पनि हो । तथापि, ससद अवरुद्ध हुँदा समय खेर गएको भान हुन्छ । हामी सङ्घीय संसद्का सदस्य पनि लोकप्रियतावादबाट ग्रसित छौँ । यो कुरा मैले संसद्मा आफ्नो विषयवस्तु राख्ने क्रममा पनि भन्ने गरेको छु ।

तपाईं अर्थ समितिको सदस्य पनि हुनुहुन्छ, समितिले अहिले के गर्दै छ ?

हो, म अर्थ समितिको सदस्य छु । अहिले समितिमा अर्थसँग सम्बिन्धत विभिन्न विधेयकमा काम भइरहेको छ । तत्काल बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन (बाफिया)मा काम भइरहेको छ । त्यसभन्दा अगाडि भन्सार विधेयकलाई तयार गरेर संसद्बाट पारित गरियो । अर्थ समितिका सदस्यहरू सबै क्रियाशील छौँ । यो समितिले इमान्दारिताका साथ आफ्नो जिम्मेवारी पूरा गर्दै आएको छ । आगामी दिनमा पनि आफ्नो जिम्मेवारी पूर्ण रूपमा पूरा गर्ने मैले विश्वास लिएको छु ।

सरकारले प्रस्तुत गरेका आर्थिक वर्ष २०८२÷८३ को बजेटलाई कसरी विश्लेषण गर्नुभएको छ ?

म पूर्वअर्थमन्त्री पनि हो । अर्थशास्त्रको विद्यार्थी पनि भएको कारणले सरकारको नीति तथा कार्यक्रम, बजेटको सिद्धान्त र प्राथमिकता र बजेटमा चासो रहनु स्वाभाविक हो । यद्यपि बजेटको बारेमा संसद्मा छलफल सुरु हुन पाएको छैन । तर, बजेटमाथि टीका–टिप्पणी गर्दा हामीले विगतलाई पनि फर्केर हेर्नुपर्छ । हाम्रो चालु आर्थिक वर्षको बजेट कुन अवस्थामा छ, त्यो पनि हेर्नुपर्छ । हामीले कुन अवस्थामा काम गरिरहेका छौँ भन्ने कुरा पनि विचार गर्नुपर्छ ।

पछिल्लो समय राजनीतिक दलप्रति आमजनताको वितृष्णा बढ्दै गएको हो, तपाईँलाई के लाग्छ ?

देश विगतमा कुन अवस्थाबाट गुज्रिएको थियो । त्यसका बाबजुद पनि हामीले यति गर्न सकेका छौँ भनेर जनतासँग स्टा«े«ङ कम्युनिकेसन राख्न सकिएको छैन । अर्को कुरा, हामीले के काम गर्न सकेनौँ भन्ने कुरा पनि बिनाहिच्किचाहट जनतालाई भन्नुपर्छ । तर जे गर्छौँ त्यो शतप्रतिशत पूरा गर्छौँ भन्नुपर्छ । त्यो गर्दा कुनै पनि लोभलालच एकरत्ति पनि राख्दैनौँ भन्ने कुरालाई हामीले समग्र रूपमा स्ट्रोङ सम्प्रेषण गर्न सक्नुपर्छ । हामीले हाम्रा प्राथमिकता जनतासमक्ष प्रष्ट राख्नुपर्छ । त्यो प्राथमिकता स्रोतसाधनले भ्याएसम्म पूरा गर्छौँ भन्न सक्नुपर्छ । तर सबै ठाउँमा सबै कुरा बिनाप्राथमिकता हामी बोल्दैनौँ र खर्च पनि गर्दैनौँ भन्ने विषय जनतालाई विश्वास दिलाउन सक्नुपर्छ । त्यसो गरियो भने हामी राजनीतिज्ञप्रति जनताको विश्वास पनि बढ्छ । त्यस किसिमका छलफल संसद्मा पनि हुनुपर्छ ।

नेताले आश्वसन मात्र दिए हाम्रो पक्षमा काम गरेनन् भन्ने आमजनताको गुनासो छ, यसलाई कसरी खण्डन गर्नुहुन्छ ?

हामी पक्षविपक्ष नभनी सत्तामा भएको वा बाहिर रहेको दल जसले जे सुन्न चाहन्छ त्यो हुन्छ भन्दिन्छौँ । जनअपेक्षा त्यहीअनुसार बढ्छ । तर, हामीसँग पर्याप्त स्रोतसाधन छैन वा स्रोतसाधनको लिमिटेसन छ । जनताको अपेक्षा पूरा नभएपछि स्वाभाविक रूपमा असन्तुष्टि बढ्छ । त्यसमाथि पनि अहिलेको सामाजिक सञ्जालको जमानामा झुटै कुरा किन नहोस् सानो समूहले प्रचार गर्दा पनि व्यापक हुन्छ । त्यही नै सत्य हो कि भन्ने भ्रम पार्न पनि सकिन्छ । त्यसकारण जनतामा एउटा बलियो सञ्चारको आवश्यकता छ ।

संविधान कार्यान्वयनको अवस्थालाई कसरी विश्लेषण गर्नुभएको छ ?

अवश्य पनि कार्यान्वयनमा धेरैखाले चुनौती छन् । पहिलो कुरा, संविधानमा कतिपय विरोधाभास कुरा छ । अर्को, सङ्घीयताकै सवालमा अधिकारको विषयमा कतिपय कार्यान्वयन हुनसकेको छैन । त्यसलाई हामीले चाँडोभन्दा चाँडो टुङ्ग्याउनुपर्ने छ । हामीले संविधानमा धेरै अधिकारका कुरा गरेका छौँ । कतिपय अधिकार बिनालागत पूरा गर्न सकिन्छ । जस्तोः बोल्ने अधिकार । त्यसका लागि लागत लाग्दैन । कतिपय अधिकार स्रोतसँग जोडिएर आएको छ । हामीले हरेक नागरिकको आवासको अधिकार हुनेछ भनेका छौँ । आवास हामीले दिनु पनि पर्छ । यी सबै देशको साधनस्रोतसँग जोडिएका कुराहरू हुन् । त्यसकारण लागत लाग्ने अधिकारलाई कार्यान्वयन गर्न धेरै चुनौती छ ।

संविधान कार्यान्वयनको चुनौतीलाई चिर्न के गर्नुपर्छ ?

सरकारले ठिक ढङ्गले प्राथमिकीकरण गरेर काम गर्नुपर्छ । यो पनि गर्छु, त्यो पनि गर्छु भनेर हुँदैन । त्यसो भए लक्षित लगानी हुन सक्दैन । लक्षित लगानी नभएमा परिणाम आउँदैन । सरकारले प्राथमिकताका आधारमा संविधान र जनतासँग जोडिएका विषयलाई सम्बोधन गर्दै जानुपर्छ ।

संविधान संशोधनबारे तपाईँको धारणा के छ ?

संविधानमा भएका विवादित विषयमा संशोधन गर्नुपर्छ । सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारका विषयमा हामी सं विधानमार्फत प्रस्ट हुनुपर्छ । देशलाइ धर्म निरपेक्षता पनि भनियो, राज्यको जिम्मेवारी सनातन धर्म, संस्कृति सुरक्षा गर्ने जिम्मेवारी पनि भन्यौँ । त्यो आफैँमा बाँझिएको छ ।

वर्तमान सरकार गठनको क्रममा संविधान संशोधन गर्ने सहमति भएको थियो, तर संशोधनको विषयले प्राथमिकता पाउन सकेको छैन, किन ?

संविधान संशोधनको विषय सरकार निर्माणका क्रममा नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले) र अन्य साना दलले गरेको सहमतिलाई हल्का रूपमा लिन हुँदैन । आवश्कताका आधारमा कुनकुन विषयमा संशोधन गर्ने पहिचान गर्नुपर्छ । तत्काल कमिटी बनाएर विपक्षी दलसँग पनि अन्तर्क्रिm या गर्नुपर्छ । कमिटीले ल्याएको विषयमा कम्तीमा सबै राजनीतिक दलको सहमति जुटाउन कोसिस गर्नुपर्छ । यसमा ढिलाइ गर्नुहुन्न भन्ने मेरो भनाइ हो ।

अहिलेको निर्वाचन प्रणाली अलि महँगो भयो भनिन्छ नि, यसबारे तपाईँको भनाइ के छ ?

हामीले अहिले मिश्रित निर्वाचन प्रणाली अवलम्बन गरेका छौँ । यो निर्वाचन प्रणालीबाट कुनै पनि दलको बुहमत आउने सम्भावना छैन । यद्यपि, सैद्धान्तिक रूपमा सम्भव होला, वास्तविकतामा गाह्रो छ । फेरि एउटै दलको बहुमत आउँदैमा सबै ठिकठाक हुन्छ भन्ने छैन । तैपनि कुनै एउटा दलले बहुमत ल्याउँदा राजनीतिक स्थिरता हुने सम्भावना हुन्छ । समावेशिताको विषयमा सम्झौता नगरीकन निर्वाचन प्रणालीलाई संशोधन गर्नुपर्छ भन्ने विषय पनि उठिरहेको छ । जस्तोः हामीले महिला, दलित वा अन्य सीमान्तकृत समुदायको हकमा निर्वाचन क्षेत्र छुट्याउने कुरा गरेका छौँ । जुन निर्वाचन क्षेत्रमा महिला–महिला र दलित–दलितबीच मात्र प्रतिस्पर्धा हुन्छ । जसले जिते पनि महिला र दलित नै आउँछ । तर साना दलहरू त्यसको पक्षमा नहुन सक्छन् । यो चुनौती छ ।



सङ्घीयता कार्यान्वयनलाई तपाईँले कसरी हेर्नुभएको छ ?

स्थानीय र प्रदेश सरकारमा कर्मचारीको सवाल अत्यन्त समस्या छ । प्रहरीसम्बन्धी अधिकारको पनि कार्यान्वयन भएको छैन । त्यसकारण प्रहरी र निजामतीसम्बन्धी विधेयकलाई चाँडो टुङ्ग्याउनुपर्ने छ । खासगरी प्रदेशलाई दिएको अधिकार सही ढङ्गबाट सदुपयोग भएको छैन । दिइएका अधिकार सुरक्षित र सदुपयोग भएको छैन । जस्तोः संरचना बनाउने अधिकार प्रदेशलाई दिएको छ, तर संरचना बनाए पनि स्रोत सुनिश्चित गर्नुपर्ने हुन्छ । कर्मचारी फेरिन्छ, जनप्रतिनिधि फेरिन्छ र उनीहरूले हाम्रो अधिकार हो भन्दै आफूखुसी काम गर्न थाल्छन् । तर त्यसको दायित्व केन्द्रले लिनुपर्ने अवस्था छ । स्रोत सुनिश्चित नभइकन प्रदेशले अनावश्यक संरचना बनाउन पाइँदैन भनेर जानुपर्ने हुन्छ ।

प्रदेश सरकारमा बजेटको दुरुपयोग भएको भनी टीकाटिप्पणी पनि हुने गरेको छ, यो के हो ?

अहिले सङ्घ र प्रदेशको बजेट बनाउने विषयमा उपभोक्ता समितिको नाममा दुरुपयोग भएको सूचना आइरहेको छ । अब यसलाई केन्द्रीय सरकारले बिनाठेक्का र निश्चित रकमभन्दा तलको काम गर्न पाइँदैन भन्नुपर्छ । तीनै तहको सरकार आर्थिक अनुशासनमा बस्न जरुरी छ । अनावश्यक खर्च गर्नु हुँदैन । प्राथमिकताका आधारमा मात्र खर्च गर्ने र नीतिगत रूपमा दुरुपयोग हुने ठाउँहरू पूर्ण रूपमा बन्द गर्नुपर्छ । यस विषयमा सङ्घीय संसद्, प्रदेश संसद् र स्थानीय तहमा पनि स्वस्थ बहस र छलफल हुनुपर्छ ।रासस

# माथिल्लो म्याग्दी–१ जलविद्युत् आयोजना निर्माण धमाधम

**म्याग्दी ।**
धवलागिरि र मालिका गाउँपालिकामा निर्माणाधीन ५३ दशमलव पाँच मेगावाट क्षमताको माथिल्लो म्याग्दी–१ जलविद्युत् आयोजनाको आउटलेटबाट हेडरेस सुरुङ निर्माण थालिएको छ । आयोजनाको विद्युतगृह रहने मालिका गाउँपालिका–७ भारबाङस्थित आउटलेटतर्फबाट सुरुङ खन्न सुरु गरिएको हो । सुरुङ खन्ने कामको शुभारम्भ गर्दै मालिका गाउँपालिका अध्यक्ष बेगप्रसाद गर्बुजाले आयोजनाको निर्माणकार्यमा आवश्यक उपकरण र जनशक्ति परिचालन गरी निर्धारित समयभित्रै आयोजनाको काम सम्पन्न गर्न आग्रह गरे । योसँगै यस आयोजनामा चार ठाउँबाट सुरुङ खन्ने काम भइरहेको छ ।

यसअघि आयोजनाको बाँधस्थल धवलागिरि गाउँपालिका–४ खाम्ला र छहरीको अडिटबाट दुईतर्फ सुरुङ खन्ने काम भइरहेको छ । अडिटतर्फबाट निर्माण भइरहेको सुरुङ र आउटलेटबाट सुरु भएको सुरुङ एक किलोमिटर ८६५ मिटर लामो हुने आयोजना प्रमुख ज्योतिकुमार केसीले बताए । उनका अनुसार, यस आयोजनामा बाँधबाट विद्युतगृहसम्म पाँच किलोमिटर सात सय मिटर सुरुङ निर्माण हुनेछ ।

म्याग्दी हाइड्रोपावर लिमिटेड प्रवद्र्धक रहेको आयोजनाले धवलागिरि–४ खाम्लामा म्याग्दी नदीको पानीलाई सुरुङमा छिराउन १५ मिटर अग्लो र ४० मिटर लामो बाँध निर्माण गरिरहेको छ । विसं २०८० चैत १९ मा सम्झौता र २०८१ वैशाख २८ गते कार्यक्षेत्रमा परिचालित भएको सिभिल ठेकेदार लुना बिल्डर्स एन्ड कन्ट्याक्टरले



निर्माणस्थलमा पर्याप्त सामग्री र उपकरणको मात्रामा जनशक्ति निर्माण बन्दोबस्त मिलाएको आयोजना प्रमुख केसीले जानकारी दिनुभयो । विसं २०८३ फागुनभित्र विद्युत् उत्पादन गर्ने लक्ष्यसहित बाँधसँगै सुरुङ र विद्युतगृह निर्माणको कामलाई तीव्रता दिएको आयोजनाले जनाएको छ । छहरीको १९८ दशमलव ९० मिटर लामो अडिट सुरुङ, बाँधतर्फबाट सुरु गरिएको ७६ दशमलव ५४ मिटर लामो सुरुङ र अडिटबाट थप एक किलोमिटर २७० दशमलव ६७ मिटर मुख्य सुरुङ निर्माण भइसकेको छ । आयोजनाको बाँधस्थलतर्फ २० प्रतिशत भौतिक प्रगति भएको छ ।

सानिमा बैंकको नेतृत्वमा छवटा बैंकको ऋण, प्रवद्र्धक कम्पनी र सर्वसाधारणको सेयरमार्फत जुटाइने रु ११ अर्ब २३ करोड २७ लाख लगानीमा निर्माण हुने आयोजनाको विद्युतगृह मालिका–७ भारवाङमा रहनेछ । भारवाङबाट एक दशमलब पाँच किलोमिटर १३२ केभी क्षमताको प्रसारण लाइन बनाएर नेपाल विद्युत् प्राधिकरणले मालिका–७ डाडाखेतमा निर्माण गरिरहेको एक सय ३२ केभी क्षमताको सबस्टेशनबाट यस आयोजनाबाट वार्षिक औसत ३१५ दशमलव ०१ गिगावाट घण्टा विद्युत् केन्द्रीय लाइनमा जोडिने छ ।रासस

# मधेशमा प्रहरीको जागिर खानेभन्दा छाड्नेको लर्को




**मधेशदृष्टि**
**रौतहट ।**
कुनै समयसम्म प्रतिष्ठा, सुरक्षा र स्थायीत्वको पर्याय मानिएको नेपाल प्रहरीको जागिर अब मधेश प्रदेशमा युवाहरूका लागि आकर्षणको विषय रहेन । मधेश प्रदेशका विभिन्न जिल्लामा कार्यरत प्रहरी कर्मचारीहरू जागिरबाट निरन्तर राजीनामा दिँदै घर फर्किन थालेका छन् । उनीहरूको गुनासो एउटै छ, 'मिहिनेत त हामी गर्छौं । तर, तलब र सुविधा न त बढ्छ, न समयमै पाइन्छ ।' नेपाल प्रहरीमा विशेष गरी तल्लो दर्जामा कार्यरत कर्मचारीहरू राजीनामा दिन थालेपछि संगठनभित्र आन्तरिक असन्तुष्टि गहिरिँदै गएको देखिन्छ । मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामका अनुसार आर्थिक वर्ष २०८१/८२ को साउनदेखि वैशाख मसान्तसम्म ८३ जना प्रहरी कर्मचारीले राजीनामा दिएका छन् । तीमध्ये बरिष्ठ सहायक निरीक्षक (सई) १ जना, सहायक निरीक्षक (असई) १४ जना, बरिष्ठ हवल्दार २१, हवल्दार ३१, सहायक हवल्दार ४, प्रहरी जवान ९ तथा कार्यालय सहयोगी ३ जना रहेका छन् । प्रहरी जवानको मासिक तलब करिब २६ हजार रुपैयाँ मात्र छ । त्यसमा खाद्यान्न भत्ता पनि समावेश हुन्छ । यो रकमले परिवार पाल्न, छोराछोरी पढाउन, भविष्यको सुरक्षाको सोच राख्न गाह्रो पर्ने प्रहरी कर्मचारीहरूको साझा पीडा हो ।

प्रहरीहरू ८ घण्टाको ड्युटी अवधिभन्दा पनि दोब्बर समय काम गर्न बाध्य छन् । कुनै आन्दोलन, दुर्घटना वा विशेष घटना हुँदा उनीहरूलाई १८ घण्टासम्म ड्युटी गर्नुपर्ने अवस्था आउँछ । जति मेहनत गरे पनि सरुवा र बढुवा प्रक्रियामा पारदर्शिता नरहेको, सिफारिस र पहुँचको आधारमा निर्णय हुने प्रवृत्तिले पनि तल्लो तहका प्रहरी कर्मचारीहरूमा निराशा थपिएको छ । कामको मूल्यांकनभन्दा राजनीतिक पहुँच र व्यक्तिगत सिफारिस हावी भएको उनीहरूको आरोप छ । प्रहरीले तीन वर्षमा एक जोर जुत्ता र वर्षमा दुई सेट पोसाक पाउँछन् । तर, ड्युटीको चरम दबाबका कारण पोसाक र जुत्ता केही महिनामै जीर्ण हुन्छ । आवश्यक सामग्री समयमा नपाउँदा प्रहरीहरू च्यातिएका कपडा र पुराना जुत्तामै ड्युटी गर्न बाध्य छन् । चोटपटक लाग्दा वा आक्रमण हुँदा उपचारको खर्च समेत राज्यले नदेख्ने गुनासो प्रहरी अधिकृतहरूबाट खुलेर आउने गरेको छ । भौतिक जोखिम, न्यूनतम तलब र पारिवारिक समयको अभावका कारण प्रहरी कर्मचारीहरू वैदेशिक रोजगारीतर्फ आकर्षित भइरहेका छन् । विशेषगरी खाडी मुलुकहरू र द्वन्द्वग्रस्त क्षेत्रहरूमा सुरक्षा सेवामा जाने अवसर बढेसँगै उनीहरू जागिर छोड्न हिचकिचाइरहेका छैनन् । त्यहाँको उच्च तलब र निश्चित कार्य समयले पनि वैदेशिक रोजगारी आकर्षक बनेको छ । १६ वर्ष सेवा गरेपछि पेन्सनको अधिकार पाइने व्यवस्थाले पनि प्रहरी कर्मचारीहरूलाई समयमा नै जागिर छोड्न प्रेरित गरिरहेको छ । १६ वर्ष सेवा गरेकाले पनि र ३० वर्ष सेवा गरेकाले पनि लगभग उस्तै सुविधा पाउने हुँदा कर्मचारीहरू समयमै पेन्सन लिएर वैकल्पिक रोजगारीमा लाग्ने रणनीति अपनाइरहेका छन् ।

मधेश प्रदेश प्रहरी प्रमुख डिआईजी उमा प्रसाद चतुर्वेदीले प्रहरीमा राजीनामा दिने प्रवृत्ति देशभर बढ्दो क्रममा रहेको स्वीकार्दै यस प्रवृत्तिको मूल कारण सुविधा अभाव रहेको बताए । 'तलब, भत्ता, राशन लगायतका विषयमा सरकार गम्भीर भएन भने प्रहरीको मनोबल झनै घट्दै जान्छ,' उनले भने । उनका अनुसार प्रहरीको छोरा–छोरीको शिक्षा, परिवारसहित स्वास्थ्य उपचारको ग्यारेन्टी, बढ्दो महँगी अनुसार राशन भत्ता र ड्युटीको आधारमा विशेष भत्ताको व्यवस्था सरकारले गरे मात्र जागिरप्रतिको आकर्षण बढ्न सक्छ । एकजना अवकाश प्राप्त प्रहरी अधिकृतका अनुसार यो समस्याको समाधानका लागि केही रणनीतिक सुधार आवश्यक छन् । तलब तथा सेवा सुविधामा समायोजन, पारदर्शी सरुवा र बढुवा प्रक्रिया, पारिवारिक जीवनसँग सन्तुलन मिलाउने नीति र पोसाक तथा उपकरणको समयमै उपलब्धता अनिवार्य हुनुपर्छ । अर्कोतर्फ, प्रहरी संगठनलाई आधुनिक र पेशागत बनाउँदै राज्यले प्रहरी कर्मचारीको मनोबल र सम्मान दुवै जोगाउने स्पष्ट नीति ल्याउनु आवश्यक देखिन्छ । नभए, सुरक्षा निकायप्रति आम जनताको भरोसामा समेत क्षति पुग्न सक्ने उनको भनाइ छ ।

# एक महिना बित्दा पनि पीडित परिवार न्यायविहीन



**मधेशदृष्टि**
**रौतहट ।**
सशस्त्र प्रहरीको मोटरसाइकलको ठक्करबाट ज्यान गुमाएका फतुवा विजयपुर नगरपालिका–४ निवासी ४२ वर्षीय अनुठा राय यादवको मृत्यु भएको झण्डै एक महिना बितिसकेको छ । तर, अहिलेसम्म दोषीमाथि कुनै कानुनी कारबाही नहुनुका साथै पीडित परिवारलाई क्षतिपूर्ति समेत प्राप्त भएको छैन । गत बैशाख २४ गते सशस्त्र प्रहरी बल बेसक्याम्प दुधियाभारमा कार्यरत हवल्दार सुवास सिंहको मोटरसाइकलले ठक्कर दिँदा गम्भीर घाइते भएका यादवको केही घण्टामै मृत्यु भएको थियो । दुर्घटनाको जाहेरी इलाका प्रहरी कार्यालय गरुडामा दर्ता गरिए पनि हालसम्म दोषीलाई अदालतमा पेश गरिएको छैन । न त पीडित परिवारले क्षतिपूर्ति वा क्रिया खर्च नै पाएका छन् । घटनापछि मृतक यादवको परिवार र स्थानीय समाजसेवीहरू संयुक्त रूपमा अगाडि आएका छन् । पत्रकार सम्मेलन गर्दै उनीहरूले दोषीलाई जोगाउने प्रयास भएको आरोप लगाएका छन् । मृतककी पत्नी श्रीपति देवी यादव, भाइ विश्वनाथ यादवसहित जय मंगल यादव, लक्ष्मी राय यादव, अजय कुमार यादव, उपेन्द्र यादव र रामशंकर पासवानजस्ता सामाजिक अगुवाहरूले न्यायको माग गर्दै प्रशासनमाथि प्रश्न उठाएका छन् । उनीहरूको आरोप अनुसार प्रारम्भमा सशस्त्र हवल्दार सुवास सिंहलाई पक्राउ गरिए पनि प्रहरी नायब उपरीक्षक राजन कार्कीको निर्देशनमा हाजिरी जमानीमा रिहा गरिएको छ । पीडित पक्षले उनलाई 'दवाबमा गरिएको रिहाइ' भन्दै आपत्ति जनाएका छन् । 'यदि न्याय नपाउने हो भने अब हामी चुप बस्दैनौं,' मृतकका परिवारजनले पत्रकार सम्मेलनमा चेतावनी दिए । पीडित पक्षले इलाका प्रहरी कार्यालय गरुडा, जिल्ला प्रहरी कार्यालय गौर र जिल्ला प्रशासन कार्यालय रौतहटमा चरणबद्ध धर्ना कार्यक्रम सञ्चालन गर्ने तयारी गरेको छ । मृतकका छोरा राजेश यादवका अनुसार घटनापछि केही स्थानीय नेताहरूले शव राखेर आन्दोलन गर्ने तयारीमा रहेका परिवारलाई सम्झाउँदै क्षतिपूर्तिको वाचा गरेका थिए । तर, अहिले ती नेताहरूले फोन उठाउन समेत छाडेको राजेशको गुनासो छ । 'त्यस दिन हामीलाई लाश लिएर आन्दोलन नगर्न सम्झाउनेहरूले आज हामीलाई चिनेको जस्तो पनि गर्दैनन्,' उनले भने । सो दुर्घटनामा सँगै रहेका राम जिनिस साहसमेत गम्भीर घाइते भएका थिए । उनको पनि उपचार अझै अपूरो छ । 'घाइतेलाई न उचित उपचार दिइएको छ, न राज्यको कुनै पहल देखिएको छ,' समाजसेवी लक्ष्मी यादवले भने ।

पीडित परिवारले राज्य संयन्त्रप्रति असन्तुष्टि व्यक्त गरेका छन् । उनीहरूले प्रहरीले मुद्दालाई अदालती प्रक्रियाबाट अघि नबढाई मिलेमतो गर्ने प्रयास गरिरहेको आरोप लगाएका छन् ।

# राष्ट्रियस्तरको शैक्षिक पुरस्कार महोत्तरी गाउँपालिकालाई

**मधेशदृष्टि**
**महोत्तरी ।**
शिक्षा क्षेत्रको समुन्नत विकासमा नेतृत्वदायी भूमिका खेलेको भन्दै महोत्तरी गाउँपालिकाका अध्यक्ष दिलिप कुमार पाण्डेयलाई प्रिन्सिपल्स एशोसिएसन अफ नेपाल (पान) ले 'उत्कृष्ट पालिका पुरस्कार' बाट सम्मानित गरेको छ । पोखरामा आयोजित पानको दोस्रो राष्ट्रिय सम्मेलनमा यो सम्मान प्रदान गरिएको हो । शिक्षा क्षेत्रमा उल्लेखनीय पहल, नेतृत्व र सुधारात्मक कार्यहरू गरेका आधारमा मधेश प्रदेशअन्तर्गत महोत्तरी जिल्लाको महोत्तरी गाउँपालिकाले राष्ट्रियस्तरमा यो गौरवपूर्ण पहिचान पाएको हो । पानले हरेक वर्ष देशभरका पालिकाहरूको शिक्षा क्षेत्रको प्रदर्शन २५ वटा शैक्षिक मापदण्डका आधारमा मूल्यांकन गर्दै आएको छ । यस वर्षको मूल्यांकन समितिको अध्यक्ष प्रा.डा. विद्यानाथ कोइरालाको नेतृत्वमा गरिएको थियो । मूल्यांकनका क्रममा विद्यार्थी भर्नादर, परीक्षा परिणाम, विद्यालयमा बालमैत्री वातावरण, शिक्षकको नियमितता, शैक्षिक पूर्वाधार विकास, छात्रवृत्ति व्यवस्थापन, अभिभावक सहभागिता लगायतका पक्ष समावेश गरिएको थियो । यी सबै मापदण्डमा सकारात्मक प्रगति हासिल गर्दै महोत्तरी गाउँपालिका उत्कृष्ट पालिकाको रूपमा स्थापित भएको हो ।

अध्यक्ष पाण्डेयको नेतृत्वमा महोत्तरी गाउँपालिकाले शिक्षा क्षेत्रसँगै स्वास्थ्य, सरसफाइ, पशुपन्छी सेवा र पूर्वाधार विकासमा समेत महत्वपूर्ण प्रगति गरेको छ । गाउँपालिकाले जनचेतनामूलक कार्यक्रम, विद्यार्थी अभिप्रेरणा कक्षा, शिक्षक प्रशिक्षण, शिक्षण सिकाइको गुणस्तर सुधारमा लगानी गर्दै आएको छ । पछिल्लो समय पशु सेवा केन्द्रको निर्माणदेखि कृषकहरूलाई लक्षित विभिन्न जानकारीमूलक तथा प्रविधिमैत्री कार्यक्रम सञ्चालन गरिएका छन् । साथै स्थानीय स्तरमा विद्यालय सुधार योजनाको प्रभावकारिता देखिँदै गएको बताइएको छ । गाउँपालिकाले भौतिक पूर्वाधार विकासमा पनि समान रूपमा ध्यान दिएको छ । आर्थिक वर्ष २०८१÷८२ मा पर्सादेखि महोत्तरी–सनुखरासम्म, महोत्तरीदेखि परकौलीचोकसम्म र गोरीगम्मादेखि रातोपुलसम्म पक्की नालासहितको सडक निर्माण गर्न सांसद गोमा लाभको पहलमा शहरी विकास मन्त्रालयमार्फत ९ करोड रुपैयाँ बजेट विनियोजन भएको छ ।

यी तीन योजनामा ३–३ करोड बजेट छुट्याइएको हो । पुरस्कार ग्रहणपश्चात अध्यक्ष पाण्डेयले यस सम्मानले आफ्नो गाउँपालिका मात्र नभई सम्पूर्ण मधेश प्रदेशको प्रतिष्ठा बढेको प्रतिक्रिया दिए । उनले भने, 'हामीले शिक्षा क्षेत्रलाई प्राथमिकतामा राख्दै काम गर्दै आएका थियौं । यो सम्मानले हाम्रो प्रयासलाई राष्ट्रिय मान्यता दिएको छ ।

अब झन जिम्मेवारी बढेको छ ।' गाउँपालिकाका जनप्रतिनिधि, शिक्षक, अभिभावक र स्थानीय बासिन्दाहरूले अध्यक्ष पाण्डेयलाई प्राप्त सम्मानप्रति खुसी व्यक्त गरेका छन् ।

# वर्षायाम प्रारम्भ हुनुअगावै क्षति नियन्त्रणको पूर्वतयारी

**महोत्तरी ।**
बर्षा शुरु हुनुअघि मधेश प्रदेश सरकारको गृह, सञ्चार तथा कानुन मन्त्रालयले बाढी र डुवान क्षेत्रको नक्शाङ्कन गरी क्षति रोक्न पूर्वतयारी थालेको छ । प्रारम्भिक चरणमा बाढी÷डुबानबाट हुनसक्ने ठाउँको आकलन गरी त्यसको बचावका लागि पूर्वतयारी गर्न तीन जिल्लाका सुरक्षा निकाय र सरोकारवालाबीच आइतबार बर्दिबासमा समन्वयात्मक पूर्व तयारी थालिएको हो । मधेश प्रदेश सरकारका गृह, सञ्चार तथा कानुन मन्त्रालयका विपद् व्यवस्थापन शाखाका विज्ञ, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धानका प्रमुख, महोत्तरी, धनुषा र सर्लाहीका सबै सुरक्षा निकायका प्रमुख तथा विपद् प्रतिकार्य अभ्यासमा रहेका सामाजिक सङ्घ संस्थाका अगुवा समन्वयात्मक बैठकमा सहभागी थिए । बैठकमा प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीले बर्षा शुरु हुनअगावै बाढी र डुवान क्षेत्रको नक्शाङ्कन गरी धनजनको क्षति हुन नदिन पूर्वतयारी थालिएको बताए । 'बर्सेनि बर्षामा बाढी, डुवान र त्यसपछि महामारीको प्रकोप चल्ने गरेको विगत अनुभव छ', लेखीले भने, 'यसपालिको बर्षामा क्षति भोग्ने स्थिति नपरोस् भनेर अहिलेदेखि नै तयारी थालिएको हो ।' यो समन्वयात्मक बैठकले तीनवटै जिल्लामा सम्भावित जोखिमबाट हुने क्षति न्यूनीकरण गर्न स्पष्ट खाकासहितको कार्ययोजना बनाउने उनको भनाइ थियो । समन्वयात्मक बैठकले तीनवटै जिल्लाका बाढी–डुवान प्रभावित क्षेत्रको नक्शाङ्कन गरी ती क्षेत्रमा बचाव कार्यको पूर्वतयारीका लागि प्रतिकार्य तथा उद्धार टोली तयार अवस्थामा राखिन र उद्धार राहत सामग्री व्यवस्थापन गरिन योजनाबद्ध तालिका बनाउने मन्त्रालयका सचिब विमलप्रसाद बरालले बताए । महोत्तरीमा मात्रै रातु, मडहा, बाँके, ओक्सी र जङ्गासहितका नदीमा आउने बाढीले बर्सेनि ठूलो सङ्ख्यामा मानिसहरु प्रभावित हुँदै आएका छन् । जिल्लामा रातु नदीको बाढीले नै ४५ हजार भन्दाबढी प्रभावित हुँदै आएको जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्षसमेत रहनुभएका प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद रिसालको भनाइ छ । यसैगरी कमला, जलाद, औरहीसहितका नदीले धनुषामा र बागमती, झिम, लखन्देई र बकैयासहितका नदीमा आउने बर्खे बाढीले धनजनको क्षति गर्दै आएको छ । रासस

# विलासिता कर खारेज नभए आन्दोलनको चेतावनी



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
आगामी आर्थिक वर्षको बजेटमा सुनचाँदी र रत्न–आभूषण क्षेत्रमा लगाइएको अतिरिक्त करप्रति आपत्ति जनाउँदै नेपाल सुनचाँदी व्यवसायी संघ र नेपाल रत्न–आभूषण महासंघ मधेश प्रदेश समितिले मधेश प्रदेश सरकार र जिल्ला प्रशासन कार्यालय धनुषालाई ज्ञापनपत्र बुझाएका छन् । मधेश प्रदेश अध्यक्ष रामजी प्रसाद साह र महासंघ अध्यक्ष पवन ठाकुरको नेतृत्वमा गएको व्यवसायी प्रतिनिधिमण्डलले मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंह र प्रमुख जिल्ला अधिकारी शंकरहरि आचार्यलाई अलग–अलग रूपमा ज्ञापनपत्र बुझाउँदै सरकारको हालको कर नीतिले व्यवसाय धरासायी हुने चेतावनी दिएका हुन् । ज्ञापनपत्रमा बजेटमा सुनमा २ प्रतिशत 'विलासिता कर' थपिएको, हिरा–जवाहरतमा १३ प्रतिशत भ्याट लादिएको तथा व्यवसायी, कर्मचारी र उपभोक्तालाई प्रभावित गर्ने खालका नीतिहरू ल्याइएकोले सम्पूर्ण उद्योग नै संकटमा परेको उल्लेख छ । अध्यक्ष साहले भने, 'हामी करको विरोधमा छैनौं तर, यस्तो कर संरचना जसले साना व्यवसायीको रोजीरोटी खोस्छ, त्यो हामीलाई स्वीकार्य छैन ।' उनले चेतावनी दिँदै भने, 'यदि सरकारले छिटो निर्णय पुनरावलोकन गरेन भने मधेशका सबै जिल्लामा चरणबद्ध आन्दोलन शुरु गरिनेछ ।' महासंघका अध्यक्ष ठाकुरले भने, 'रत्न र आभूषण व्यवसायले केवल आर्थिक गतिविधि मात्र नभई सांस्कृतिक पहिचान जोगाउने कामसमेत गरिरहेको छ । यस्तो उद्योगलाई 'विलासिता' को नाममा दबाउने काम हुन हुँदैन ।' ज्ञापनपत्रमा सुनमा लगाइएको २ प्रतिशत विलासिता कर तुरुन्त खारेज गर्नुपर्ने, हिरा–जवाहरतमा लगाइएको १३ प्रतिशत भ्याट हटाउनु पर्ने र उपभोक्ता, कर्मचारी, कालिगढ तथा व्यवसायीमैत्री ऐन तुरुन्त जारी गर्नुपर्ने माग गरिएको छ । मुख्यमन्त्री सिंहले व्यवसायीहरूको गुनासोलाई गम्भीर रूपमा लिने र संघीय सरकारको ध्यानाकर्षण गराउने प्रतिवद्धता जनाएका छन् ।

# उद्धार अभ्यासका क्रममा वेपत्ता भएका दुई प्रहरीमध्ये अर्को पनि मृत फेला

**मधेशदृष्टि**
**सप्तरी ।**
विपद् उद्धारका क्रममा सप्तरी र सुनसरीको बीच सिमामा अवस्थित सप्तकोशी नदीमा डुबेर वेपत्ता भएका अर्का प्रहरीको पनि शव फेला परेको छ ।

खोजतलाशका क्रममा घटनाको चौथो दिन आइतवार सशस्त्र प्रहरीका जवान एवम् गोताखोर सुरज साउदको शव फेला परेको हो ।

वेपत्ता प्रहरीको खोजीका लागी सशस्त्र प्रहरी बल नेपालको विपद् व्यवस्थापन तालिम शिक्षालय, कुरिन्टारबाट आएका गोताखोर एवम् डिएसपी पुरुषोत्तम भण्डारी नेतृत्वको टोलीले कोशी ब्यारेजको ५५ नम्बर ढोकाको खोँचमा अडकिएको अवस्थामा उनको शव फेला पारेको हो ।

यस अघि उनीसंगै वेपत्ता भएका अर्का गोताखोर एवम् सशस्त्र प्रहरी जवान हरदेव राजवंशीको शव शुक्रबार घटनास्थलबाट २ किलोमिटर टाढा हनुमाननगर कंकालिनी नगरपालिकाको जोगिनियास्थित सप्तकोशी किनारमा फेला परेको थियो । बाढी पहिरोलगायतका मनसुनजन्य विपद्का बेला गरिने उद्धारकलाबारे बिहीवार अभ्यास गरिरहेका बेला अचानक दुबै प्रहरी जवान डुबेर वेपत्ता भएका थिए । झापा जिल्ला निवासी राजवंशी दन्तकालि विशेष कार्यतालिम शिक्षालय बरमझिया सप्तरीमा कार्यरत थिए भने डोटी निवासी साउद नं.२ सशस्त्र प्रहरी बल छिन्नमस्ता बाहिनी मुख्यालयमा कार्यरत थिए ।

# तीव्र गतिमा अनियन्त्रित कार डिभाइडरमा ठोक्किँदा एकको मृत्यु, तीन गम्भीर घाइते

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका–१४ स्थित पिपरामा आइतबार दिउँसो भएको एक भयावह सवारी दुर्घटनामा एक युवकको ज्यान गएको छ भने तीनजना गम्भीर घाइते भएका छन् ।

गण्डकबाट बसपार्कतर्फ जाँदै गरेको बीआर ५५ बी ९१०४ नम्बरको भारतीय कार दिउँसो करिब ३:१० बजे तीव्र गतिमा अनियन्त्रित भई रेनुका पेट्रोल पम्प नजिक सडक डिभाइडरमा ठोक्किएको थियो । जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायव उपरीक्षक सुवास भट्टका अनुसार कारको गति अत्यन्तै तिब्र भएको र चालकले नियन्त्रण गुमाएका कारण दुर्घटना भएको प्रारम्भिक अनुमान गरिएको छ । दुर्घटनापछि गम्भीर घाइते भएका चारै जनालाई तत्कालै बारास्थित एलएस न्युरो अस्पतालमा पुर्याइएको थियो । तर, करिब ३० वर्षीय बिटु सर्राफको टाउको, मुख र कानमा गहिरो चोट लागेका कारण दिउँसो ३:५० बजे अस्पतालले मृत घोषणा गरेको थियो । चिकित्सकका अनुसार गम्भीर मस्तिष्क क्षति भएकोले उनको ज्यान जोगाउन सकिएन । अन्य तीन घाइतेहरूमा भारतको बेतिया नरकटियागञ्ज निवासी करिब ४० वर्षीय चालक गणेश सर्राफ छन् । उनको टाउको र शरीरका विभिन्न भागमा चोट लागेको छ ।

२० वर्षीय रतन सर्राफको बायाँ हात र शरीरमा चोट लागेको छ भने २१ वर्षीय अर्का बिटु सर्राफको दायाँ खुट्टा, छाती र टाउकोमा गम्भीर चोट लागेको प्रहरीले जानकारी दिएको छ । घटनास्थलबाट दुर्घटनाग्रस्त कार नियन्त्रणमा लिइएको छ भने घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालय: जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन